फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सांस्कृतिक सहीष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक ४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 21 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६३

# चाडपर्वलक्षित विशेष वन सुरक्षा टोलीद्वारा गस्ती

प्रस, निजगढ, ३ कार्तिक/

मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरीका आठवटै डिभिजन वन कार्यालयलाई चाडपर्वको समयमा वनजङ्गल क्षेत्रबाट वन पैदावर हानिनोक्सानी, वन्यजन्तुको चोरी शिकारी हुन सक्ने भएकोले सशस्त्र वनरक्षकसहितको विशेष सुरक्षा टोली परिचालन गरिएको मधेस प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथप्रसाद जयसवालले बताए ।

वन सुरक्षा टोली दशैं, तिहार, छठ पर्वलाई लक्षित गरी परिचालन गर्न मातहतका सम्पूर्ण वन कार्यालयलाई निर्देशन दिए बताउँदै चाडपर्वको समयमा वनजङ्गल क्षेत्र अतिक्रमण हुन सक्ने घटनाप्रति सचेत भई वन ऐन कानूनको बर्खिलापका घटनामा संलग्न हुने जो कोहीलाई पक्राउ गरी कानूनी कारबाई गर्नसमेत निर्देशन दिएको वन निर्देशक जयसवालले बताए ।

सुरक्षा बलको आवश्यकता परे सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायहरूका प्रमुखहरूसँग समन्वय गर्न मधेस प्रदेशभरिकै डिभिजन वन कार्यालयका प्रमुख एवं डिएफओहरूलाई निर्देशन दिएको उनले जानकारी दिए ।

डिभिजन वन कार्यालय, बाराले दशैं, तिहार, छठ पर्व नजीकिँदै गर्दा चाडपर्वको अवधिभर तस्करहरू वन क्षेत्रमा प्रवेश गरी रूख कटान गर्ने भएकाले वन सुरक्षा टोलीलाई सक्रिय पारिएको जनाएको छ ।

वनजङ्गलमा चोर तस्कर फेला परे तत्कालै कानूनी कारबाई गर्न सशस्त्र वनरक्षकको विशेष वन सुरक्षा गस्ती टोलीलाई निर्देशन दिंदै कार्य क्षेत्रमा खटिएको डिभिजन वन कार्यालयहरूले जनाएका छन् । बाराका कोल्हवी, सपही, मधुवन, जैतापुर, रामवन, ककडी, जुगवा, पर्सौना, बोधवन, टाँगिया, महेन्द्रनगर, काटगाउँलगायत दक्षिणी भेगका वनजङ्गलमा सालका गोलिया चोरी तस्करीका घटना बढ्न सक्ने भएकोले डिभिजन वन कार्यालय, बाराले मातहतका वन सुरक्षा निकायलाई कडा निर्देशन दिएको छ । सशस्त्र वनरक्षक टोली २४सैं घण्टा घटनास्थलमा पुग्न सक्ने गरी तयारी अवस्थामा राखिएको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए ।

पछिल्लो समय कोल्हवी सबडिभिजन वन कार्यालयको मातहतमा रहेको घाटगड्डीबाट नै सालको गोलिया चोरी गरी लैजाँदै गर्दा बरामद भएपछि सो आसपासका वन क्षेत्रमा थप सुरक्षा निगरानी कडा पारिएको डिएफओ सिंहले बताए ।

"राज्यका अन्य क्षेत्रसँगै वन क्षेत्र अति संवेदनशील रहेकोले वन पैदावार चोरी तस्करी, वन क्षेत्र अतिक्रमण हुन सक्नेप्रति चाडपर्वमा सशस्त्र वनरक्षकसहित वन कर्मचारीहरूलाई सक्रिय रहन निर्देश दिएका छौं," डिएफओ सिंहले भने ।

चाडपर्वमा वनजङ्गल हानिनोक्सानी, वन क्षेत्र अतिक्रमण, वन्यजन्तु चोरी शिकारी हुन सक्नेतर्फ सचेत रहँदै वन कार्यालयलाई आवश्यकता अनुसार जनपद र सशस्त्र प्रहरी तुरुन्तै घटनास्थलमा पठाउने व्यवस्थालाई चुस्त पारिएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए ।

त्यसैगरी, डिभिजन वन कार्यालय, पर्साले पनि चाडपर्वमा वन पैदावर हानिनोक्सानी, चोरी तस्करी हुन सक्नेतर्फ जिल्लाका रङ्गपुर, बडनिहार, सबैया, मनवालगायत वन क्षेत्रका नाकाहरूलाई विशेष निगरानी गरिरहेको डिवका, पर्साका प्रमुख एवं डिएफओ सुभाषचन्द्र दासले बताए । सालको लाथ्रा काटी चिर्पट दाउरा ल्याउने क्रम बढेपछि सो कार्यलाई मातहतका सबडिभिजन वन कार्यालयका कर्मचारीहरूले निरुत्साहित गर्दै आएको डिवका, पर्साले जनाएको छ । चाडपर्वमा वन क्षेत्रको सुरक्षार्थ सशस्त्र वन सुरक्षाकर्मीको विशेष टोली परिचालन गरिसकेको डिएफओ दासले जानकारी दिंदै त्यस्ता गतिविधि देखिए वा सूचना पाए वन कार्यालयलाई जानकारी दिन आग्रह गरे ।

त्यसैगरी, डिभिजन वन कार्यालय, रौतहटले पनि चाडपर्व लक्षित विशेष वन सुरक्षा गस्तीलाई कडाइ गरेको जनाएको छ । जङ्गलसैया, सिम्री, भुलनटार, गैंडाटार, चोसा, धन्सारलगायतका नाकाहरूलाई विशेष निगरानी गरिरहेको डिवका, रौतटहका प्रमुख एवं डिएफओ शैलेन्द्र मिश्रले जानकारी दिए । "चाडपर्वको मौकामा तस्करहरूले वन पैदावर हानिनोक्सानी गर्न सक्नेतर्फप्रति हामी सचेत छौं," डिएफओ मिश्रले भने । मातहतका निकायहरू सबडिभिजन, इलाका रेन्जपोस्ट सशस्त्र वन सुरक्षा टोली, वन कर्मचारीहरूलाई समेत वन सुरक्षाका लागि कडाइका साथ निर्देशन दिएको डिवका, रौतहटले जनाएको छ ।

त्यसैगरी, सर्लाहीको पूर्व-पश्चिम राजमार्ग र भित्री नाकाहरूलाई डिभिजन वन कार्यालय, सर्लाहीले निगरानी बढाइरहेको डिवका, सर्लाहीका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए । 'चाडपर्वहरूमा समूहगतरूपमा रूख कटान र वन क्षेत्र अतिक्रमण हुन सक्नेतर्फ हामी चनाखो छौं," उनले भने । तस्करहरूले वन क्षेत्रमा गाडी नै हुलेर वन पैदावर हानिनोक्सानी पुऱ्याउन सक्ने भन्दै मूर्तिया, जानकी नगरक्षेत्र, बाँके, घारीलगायत जिल्लाभरिको अन्य नाका र वन क्षेत्रको निगरानी बढाउन विशेष वन सुरक्षा गस्ती परिचालन गरिसकेको डिएफओ अहमदले जानकारी दिंदै वन ऐन कानूनविपरीत कुनै पनि हर्कत गरेको

(बाँकी पाँचौं पातामा)




मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामबाट चाडपर्व लक्षित विशेष वन सुरक्षा योजना अन्तर्गत सशस्त्र वन सुरक्षा टोली सक्रिय पारिएसँगै बाराको वन क्षेत्रमा विशेष गस्ती टोली । तस्वीर: प्रतीक

# झुक्याएर नगरसभा अन्यत्र स्थानमा गरेको विरोधमा प्रदर्शन

प्रस, सिम्रौनगढ, ३ कात्तिक/

पूर्वसूचना अनुसार निर्धारित समय र स्थानमा सिम्रौनगढ नगरपालिकाको नगरसभा नभएको विरोधमा उपप्रमुखसहित वडाध्यक्ष र वडासदस्यहरू आन्दोलनमा उत्रिएका छन् ।

शुक्रवार बिहान ७ बजे सिम्रौनगढ नपाको नगरसभा हुने आधिकारिक सूचना अनुसार कडा सुरक्षा घेरामा नगरपालिकाको सभाकक्षमा उपप्रमुख नजबु शेहरसहित वडाध्यक्ष र सदस्यहरू भेला भएका थिए तर नगरप्रमुख किशोरीप्रसाद कलवारसहित केही सदस्यहरू नगरसभामा अनुपस्थित थिए । फेसबूकमार्फत नगरसभा अन्यत्र स्थानमा भएको थाहा पाएपछि उपप्रमुखसहित पदाधिकारी आक्रोशित भएका थिए ।

त्यसपछि उनीहरूले नगरपालिकाको मुख्य द्वारमा तालाबन्दी गरी आन्दोलन शुरू गरेका छन् । बहुमत सदस्यहरूलाई धोका दिई चोर बाटोबाट नगरसभा गरेको विरोधमा आक्रोशितहरूले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव

(बाँकी पाँचौं पातामा)





उपप्रमुख पक्षधरद्वारा नगरप्रमुखको बाटो कुर्दै, नपाको मुख्य द्वारमा तालाबन्दी गर्दै र इन्सेटमा मुख्यमन्त्री र नगरप्रमुखको पुतला दहन गर्दै । तस्वीर: प्रतीक


बडादशैं, तिहार र छठ पर्व २०८० को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।
SURYA NEPAL
PRIVATE LIMITED
सूर्य नेपाल प्रा. लि. परिवार
सिमरा, बारा



बडादशैं, तिहार र छठ पर्व २०८० को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।
जगदम्बा स्टील इन्डस्ट्रिज प्रा. लि.
परिवार



नेपालीहरूको महान् पर्व बडादशैं, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा सम्पूर्ण पर्सावासीमा सुख-शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
निरञ्जन (अजय) प्रसाद सर्राफ
(सभापति)
जिल्ला समन्वय समिति, पर्सा परिवार



**विचारसार र सूक्तिहरू**

**मिहिनेत विकल्प होइन प्राथमिकता हुनुपर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.eprateekdaily.com


## दशैंको शुभकामना

**दशैं हिन्दूहरूको प्रमुख चाड हो र यो चाडलाई अधिसङ्ख्यक नेपालीले मनाउने गर्छन् । समाजमा दशैं मनाउनुपर्ने धार्मिक दृष्टिकोण व्यापक छ। तर चाडपर्वहरू धार्मिकभन्दा मानिसको जीवनशैलीसँग जोडिएका हुन्छन् । त्यसैले जुनसुकै पनि धर्ममा चाडपर्व हुन्छ, त्यसको निश्चित धारणा हुन्छ । चाडपर्वहरूको तारतम्य भूगोल, मानिस र वातावरणसँग पनि मेल खान्छ । त्यसैले कुनै पनि चाडपर्वको मूलमा जाने हो भने स्वास्थ्य, मनोरञ्जन, खुशियाली, आत्मीयजनबीच भेटघाटजस्ता रमाइला क्षणहरूको संयोजन रहेको पाइन्छ। दु:खबाट मुक्ति र खुशीसँग आलिङ्गन हरघडी सम्भव हुँदैन । अनि बलशाली भएपनि, एउटा विपन्न निर्धो भएपनि सुख र दु:खको क्रमागत प्रभावबाट पर रहन सक्दैन । त्यसैले कसैले अत्यधिक सुख र कसैले अत्यधिक दु:ख पाएको हुन सक्छ। सबै दु:खलाई बिर्सेर केही दिनका लागि भएपनि रमाइलो गर्ने, सुख अनुभूत गर्ने अवसर भनेको चाडपर्व हो । जीवनभरि दु:खले जतिसुकै तर्साएको किन नहोस्, चाडको एक दिनले ती समस्त दु:ख बिर्साउन मदत गर्छ ।**

**यसपालि दशैं आर्थिक मन्दीका कारण प्रभावित भएको पाइएको छ । मानिसहरूसँग खर्च गर्ने सामर्थ्य यो दशैंमा कम देखिएको छ । त्यसैले बजारमा भीडभाड छ तर खरीद–बिक्रीको अवस्था कमजोर छ। दुई वर्षअघिको दशैं कोरोनाको जगजगी चलिरहेको कारण प्रभावित रह्यो । गएको दशैं विशेषरूपमा मनाउने अवसर मिल्यो । कोरोनाकालभन्दा अहिलेको आर्थिक मन्दीले सताएको छ । दशैंको अवसरमा वीरगंज महानगरपालिकाले रात्रिकालीन मेला लगायो। व्यापार वृद्धि होला भन्ने आशा लिइएको थियो तर मानिसहरूको भीड भयो व्यापार भने भएन। दशैं हो किनमेल बढी होला भनेर व्यापारीले रात्रिमेलामा स्टलहरू लिए तर मानिसहरूको क्रयशक्तिमा आएको ह्रासका कारण स्टलहरूसम्म मानिसको पाइला पुगेन। राति ८ बजेपछि युवाहरूको भीड बढ्ने सेक्सोफोन र बेली डान्सका साथै आन्तरिक सांस्कृतिक कार्यक्रमको मज्जा लिएर अबेर राति फर्कने क्रम मात्र देखियो पाँच दिने अवधिमा । भीडको हिसाबले पाँच दिने रात्रिमेला सफल भएको ठानिए पनि व्यापार प्रवर्द्धनका हिसाबले आशाप्रद सफलताको दाबी गर्न सकिंदैन । रात्रिबजारसरह परम्परागतरूपमा वीरगंजमा घटस्थापनादेखि अष्टमीसम्म लाग्ने मुख्य सडकका फुटपाथको बजारले पनि अहिलेसम्म गति लिन सकेको छैन । मानिस आर्थिकरूपमा सम्पन्न र दुर्बल भएपछि त्यसको असर बजारमा पनि हुन्छ । अहिलेको दशैं बजारको अवस्था पनि त्यहीरूपमा भएको मान्नुपर्छ ।**

**मानिसले पहिले प्राथमिकताको कामलाई अग्रस्थानमा राखेको हुन्छ, त्यसपछि उसले अन्य विलासिताका वस्तुप्रति आकर्षण देखाउँछ । चाडपर्वले मनको विकार सफा गर्छ, मनलाई आशातीत सुखको कल्पना साकार पार्ने शक्ति प्रदान गर्छ, त्यसैले परापूर्वकालदेखि नै चाडपर्वहरूको नियोजन गरिएको पाइन्छ । हाम्रो मन र तनलाई प्रफुल्लित पार्ने, स्वास्थ्यलाई सुदृढ पार्ने, पारस्परिक मित्रता र सम्बन्ध तरोताजा पार्ने काम वातावरणले साथै चाडपर्वहरूले गरिरहेका हुन्छन् । आर्थिक मन्दीमा सामर्थ्यले भ्याए अनुसार रमाऔं । हैन भने आयो दशैं ढोल बजाउँदै, गयो दशैं ऋण बोकाउँदै भन्ने नहोस् । दशैंले सबैमा सुख–शान्ति ल्याओस्, यही हार्दिक मङ्गलमय** [redacted]

# लाखौं माइलको यात्रा पहिलो पाइलाबाटै शुरू हुन्छ

**स्वतन्त्र विचार**




**बैधनाथ श्रमजीवी**

baidhnath2071@gmail.com


**सामाजिक गतिसँगै विकसित आदर्शवादीहरूको सङ्ख्या अब ८४ प्रतिशत आइपुगेको छ । सामाजिक गतिकै कारण एक दिन सम्पूर्ण मानिस केवल मानववादी र प्रकृतिवादी मात्रै हुनेछ । यो लाखौं माइलको यात्रा नेपाली समाजभित्र पनि नेपाली समाजमा भौतिकवादी समाज नेपालको स्थापनाबाट पहिलो पाइलाको रूपमा शुरू भइसकेको छ ।**

गएको असोज २६ र २७ गते चितवन जिल्लाको नारायणघाटमा देशभरबाट जम्मा भएका ६० जनाको भेलाले नेपालमा पहिलोपल्ट भौतिकवादी समाज नेपालको विधिवत् गठन गरेको घटना सुन्दा वा पढ्दा सामान्य लाग्न सक्छ तर वास्तवमा यो एउटा ऐतिहासिक घटना हो । हामी सबैले बुझेकै कुरा हो, नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा भएदेखि २०८० सालसम्मको निकै लामो कालखण्डमा कम्युनिस्ट पार्टीको इतिहास मूलत: टुटफुट र दक्षिणपन्थी भासमा भासिने रहँदै आएको हुनाले जहिले पनि नेपाली कम्युनिस्ट आन्दोलनको सांस्कृतिक पक्ष निकै उदार रहँदै आएको छ। फलस्वरूप नेतादेखि कार्यकर्तासम्मका घरायसी तथा व्यक्तिगत व्यवहार भौतिकवादी कम र आदर्शवादी बढी देखिंदै आएका छन् । यसले गर्दा कम्युनिस्टले दुई तिहाइ बहुमतले सरकार बनाए पनि देशभित्र कतै पनि भौतिकवादी संस्कृतिसहितको समाज देखिएन । यस अर्थमा स्वतन्त्र ढङ्गले गठन भएको यो भौतिकवादी समाज नेपालको निकै महत्त्व देखिन्छ । वास्तवमा भौतिकवाद वा नास्तिक कसलाई भनिन्छ, यसबारे आउनुस्, थोरै छलफल गरौं ।

ईश्वरको अस्तित्व नस्वीकार्ने विचारलाई नास्तिक भन्ने गरिन्छ । नास्तिक अर्थात् अनीश्वरवादी मानिसहरू सबै देश र कालमा पाइन्छन् । आजको वैज्ञानिक र बौद्धिक युगमा नास्तिकहरू संसारका सबै देशमा भेटिन्छन् । अचेल धेरै कम बुद्धिजीवी छन्, जो नास्तिक (अनीश्वरवादी) छैनन् । नास्तिकहरू भन्छन् कि ईश्वरमा विश्वास गर्ने आवश्यकता नै छैन । सर्जक मान्ने आवश्यकता तब हुन्छ, जब यो प्रमाणित होस् कि कुनै समय सृष्टिको उत्पत्ति भएको थियो । यो जगत् सदादेखि चलिरहेको देखिन्छ। यसको कुनै समयमा उत्पन्न भएको कुनै प्रमाण छैन। उत्पन्न भयो भने पनि यसको के प्रमाण छ कि यसलाई विशेष व्यक्तिले बनाएको हो, आफ्नो कारणले स्वत: बन्यो होला । यसको चालक र पालक मान्ने आवश्यकता छैन किनभने संसारमा यति धेरै मारकाट, यत्रो नाश र ध्वंस तथा यत्रो दु:ख र अन्याय देख्ता यसको सञ्चालक र पालक कुनै समझदार र सर्वशक्तिमान् भगवान् छन् भनी मान्न सकिंदैन । संसारमा सर्जन र संहार दुवै साथसाथ चल्दैछ । यस कारण यो भन्नु व्यर्थ हुनेछ कि कुनै दिन संसारको पूर्ण संहार हुनेछ र यो गर्न ईश्वरलाई मान्ने आवश्यकता छ । नास्तिकहरूको विचारमा आस्तिकहरूद्वारा ईश्वरको अस्तित्व सिद्ध गर्न दिइने सबै प्रमाण व्यर्थ छन् ।

भारतीय दर्शनमा नास्तिक शब्द तीन अर्थमा प्रयोग भएको देखिन्छ। पहिलो, जसले वेदलाई परम प्रमाण मान्दैन, ऊ नास्तिक हो। यस परिभाषाका अनुसार बौद्ध, जैन र लोकायत मतका (चार्वाक) अनुयायी नास्तिक मानिन्छन् र यी तीन दर्शनलाई नास्तिक दर्शन भनिन्छ ।

दोस्रो, जसले परलोक र मृत्युपश्चात् जीवनमा विश्वास गर्दैन। यस परिभाषा अनुसार केवल चार्वाक दर्शन जसलाई लोकायत दर्शन पनि भनिन्छ, भारतमा नास्तिक दर्शन मानिन्छ र त्यसका अनुयायी नास्तिक मानिन्छन् ।

तेस्रो, जसले ईश्वर (खुदा, गड)को अस्तित्वमा विश्वास गर्दैन । ईश्वरमा विश्वास नगर्ने नास्तिक धेरै प्रकारका हुन्छन् । घोर नास्तिक ती हुन्, जो ईश्वरलाई कुनै रूपमा मान्दैनन्। चार्वाक मत मान्ने भारतमा र रैंक एथिस्ट मानिसहरू पाश्चात्य देशमा ईश्वरको अस्तित्व कुनै रूपमा स्वीकार गर्दैनन् । अर्धनास्तिक ती हुन्, जो ईश्वरलाई सृष्टि, पालन र संहारकर्ताको रूपमा मान्दैनन्। यस परिभाषा अनुसार भारतका धेरै दर्शन नास्तिक कोटिमा पर्छन्। वास्तवमा न्याय र वेदान्त दर्शनलाई छोडेर भारतका अन्य दर्शन साङ्ख्य, योग, वैशेषिक, मीमांसा, बौद्ध र जैन नास्तिक दर्शन मान्न सकिन्छ किनभने यिनमा ईश्वरलाई सर्जक, पालक र विनाशक मानिएको छैन । यस्ता नास्तिकहरूलाई नै अनीश्वरवादी भनिन्छ।

प्राय: नास्तिकहरूले ईश्वरविरुद्ध राख्ने गरेको एउटा बलियो तर्क के छ भने कुन चाहिं यस्तो ज्ञान छ, जसमा त्रुटि छैन, कुन चाहिं यस्तो दिशा छ, जहाँ दु:खको अग्नि प्रज्वलित हुँदैन, कुन चाहिं यस्तो वस्तु उत्पन्न हुन्छ, जुन नष्ट हुँदैन, कुन चाहिं यस्तो व्यवहार छ, जुन छलकपटरहित छ ? यस्तो संसारको रचना गर्ने सर्वज्ञ, सर्वशक्तिमान र कल्याणकारी ईश्वर कसरी हुन सक्छ ?

त्यसैगरी, नास्तिकहरूले भन्दै आएको के पनि हो भने ईश्वरको अस्तित्वको कुनै सबुत छैन । उसलाई हेर्न, सुन्न, महसूस गर्न सकिंदैन । प्रकृतिका सारा नियम कानून विज्ञानद्वारा बुझ्न सकिन्छ। जगत् र जीवनको उद्भव पनि विज्ञानले बुझाउन सक्छ । धर्मग्रन्थमा बकवास कुराहरू लेखिएका छन् । पुराणका कथाहरू परी कथा हुन्, जसको ऐतिहासिक प्रमाण छैन । यदि ईश्वर छ भने यस संसारमा यत्रो पाप, दु:ख र पीडा किन छ ? धर्मग्रन्थहरूले एक मनुष्यलाई अर्को मनुष्यसित अलग गरिदिएको छ ।

त्यसैले नास्तिकहरू ईश्वर (भगवान्)को अस्तित्व झूटो मान्छन्। अधिकांश नास्तिक कुनै पनि देवीदेवता, परालौकिक शक्ति, धर्म र आत्मालाई मान्दैनन् । हिन्दू दर्शनमा नास्तिक शब्द उनीहरूको निम्ति प्रयुक्त गरिएको छ, जो वेदहरूलाई मान्यता दिंदैनन् ।

दर्शनको अनीश्वरवादका अनुसार ब्रह्माण्ड स्वयंसञ्चालित र स्वयंशासित छ । ईश्वरवादी ईश्वरको अस्तित्वको जुन प्रमाण दिन्छन्, अनीश्वरवादी ती सबैको खण्डन गर्छन् र संसारगत दोषहरू भनेर निम्नलिखित तर्कहरूद्वारा यो सिद्ध गर्ने प्रयास गर्छन् कि यस संसारलाई ईश्वरले रचेको होइन ।

हाम्रो समाजमा झन्डै ३५ सय वर्षदेखि धार्मिक संस्कार पूजापाठ चल्दै आएको छ । यति लामो सांस्कृतिक अभ्यासले गर्दा समाजभित्र अन्धविश्वास रूढिवादमा रूपान्तरण मात्रै भएको छैन, रूढिवाद नै हाम्रालागि गौरवको विषय बनिसकेको छ। आजको विज्ञान–प्रविधिले मानिसलाई अन्तरिक्षमा पुग्न, त्यसलाई जान्न तथा ब्रह्माण्डको नियम पत्ता लगाएर मानवीयतामा प्रयोग गर्न सक्षम बनाएको थाहा पाउँदापाउँदै हामी नेपालीले चन्द्रमा र सूर्यलाई ग्रह भन्दै, ठूलो देउता मान्दै पूजा गरिरहेका छौं। अब हामीले यसमा प्रश्न उठाउन सक्नुपर्छ । हामी सबैलाई थाहा छ, सूर्य तारा हो। धर्मशास्त्रले कुन आधारमा सूर्यलाई ग्रह भनेको हो त ? यसैगरी, चन्द्रमा पृथ्वीको उपग्रह हो तर यसलाई पनि धर्मशास्त्रमा ग्रह भनिएको छ। चन्द्रमालाई ग्रह भन्ने धर्मशास्त्रसँग के आधार छ ? धर्मशास्त्रले दिएको ग्रहको परिभाषा सही छ त ? निश्चितरूपमा यो विज्ञानसँग मेल खाँदैन। अर्थात् ग्रहबारेको यो विचार अवैज्ञानिक छ । अब सवाल उठ्छ, अवैज्ञानिक कुरा हामीले मान्ने र यसलाई समाजमा भावी पुस्ताको लागि निरन्तर स्थापित गर्दै लैजाने अथवा अब यसमा रोक लगाउने, यसबारे यथार्थ कुरा नयाँ पुस्तालाई बताउने र विज्ञानको ज्ञानलाई समाजभित्र दृढतापूर्वक स्थापित गर्दै लैजाने ? कुन बाटो रोज्ने ? हो भौतिकवादी समाज नेपालले पक्कै पनि विज्ञानको बाटो रोज्छ। हाम्रो समाजभित्र देखिएका सबै प्रकारका अन्धविश्वास र रूढिवादी संस्कृतिको खारेजी गर्छ र त्यसको विकल्पमा भौतिकवादी विज्ञानसम्मत संस्कृति र उत्सव निर्माण गर्छ र त्यसलाई जीवन व्यवहारमा उतार्दै भावी पुस्तालाई हस्तान्तरण गर्दै एउटा सभ्य र मानववादी भौतिकवादी समाज निर्माण गर्छ ।

हामी सबैलाई यो थाहा भएकै विषय हो कि हाम्रो ब्रह्माण्ड त्रिआयामी छ । यसको एउटा आयाम सूक्ष्म आयाम हो। यसभित्र नाङ्गो आँखाले देख्न नसकिने संसार छ। जसलाई हेर्न, बुझ्न र अध्ययन गर्न सूक्ष्मदर्शक यन्त्र चाहिन्छ। त्यसैगरी, दोस्रो हो स्थूल आयाम । यसभित्र त्यो संसार छ, जो निकै ठूलो छ। त्यो निकै टाढा छ। यति टाढा कि त्यसको प्रकाश हाम्रो आँखासम्म, पृथ्वीसम्म आइपुग्न हजारौं–लाखौं प्रकाश वर्ष लाग्छ । त्यसलाई पनि हेर्न, बुझ्न र अध्ययन गर्न ठूला–ठूला आधुनिक प्रविधिले परिष्कृत दूरबिन चाहिन्छ । तेस्रो हो, मध्यम आयाम। मध्यम आयाम भनेको हाम्रो नाङ्गो आँखाले देख्न मिल्ने, बुझ्न र विश्लेषण गर्न मिल्ने संसार, जुन हाम्रो वरिपरि सजिलै देखिन्छ । यी तीन आयामभित्रका सबै कुरा गतिशील छन्। यो गतिशील ब्रह्माण्डमा स्थिर केही पनि छैन । हाम्रो पृथ्वी निकै वेगले आफ्नै धुरीमा घुमिरहेको छ । अझ त्योभन्दा पनि निकै गतिले पृथ्वीले सूर्यको परिक्रमा गरिरहेको छ, जसको तुलनामा हाम्रो आकार पृथ्वीको एउटा कमिलाभन्दा पनि अबौं गुणा सानो छ । जसले गर्दा यो विशालकाय पृथ्वी घुमेको वा परिक्रमा गरेको हामीलाई रती भान हुँदैन । तर वास्तविकता यसको ठीक उल्टो छ । हाम्रो पृथ्वी लगभग १६ सय किलोलिटर प्रतिघण्टाको गतिमा आफ्नो धुरीमा घुमिरहेको छ । पृथ्वीले प्रत्येक घण्टा लगभग एक लाख आठ हजार किलोमिटरको गतिमा सूर्यको चक्कर लगाइरहेको छ। सूर्य लगभग सात लाख किलोमिटर प्रतिघण्टाको गतिमा आकाशगङ्गाको चक्कर लगाइरहेको छ। आकाशगङ्गा लगभग २५ लाख किलोमिटरको गतिमा प्रतिघण्टा ब्रह्माण्डमा हिंडिरहेको छ । र सम्पूर्ण ब्रह्माण्ड ६७.५ किलोमिटरको गतिमा प्रतिसेकेन्ड फैलिरहेको छ ।

अब तपाईं सोच्नुस्, यो ब्रह्माण्ड कति गतिशील छ ? हामीलाई राम्ररी थाहा छ, गति भनेकै स्थान परिवर्तन हो। स्थानमा हुने परिवर्तनले थुप्रै कुरामा फेरबदल गरिरहन्छ। हामी सबैलाई थाहै छ, हामीले हेर्ने गरेको दिन र रात हुनुको कारण पृथ्वीको दैनिक गति नै हो। यदि पृथ्वी आफ्नो धुरीमा घुम्न छोडिदिने हो भने रात र दिन हुँदैन। त्यसैगरी, पृथ्वीले सूर्यको परिक्रमा गर्न छोडिदिने हो भने पृथ्वीमा कुनै मौसम परिवर्तन हुनेछैन । जाडो, गर्मी र वर्षाको जुन चक्र छ, त्यो बन्द हुन्छ । ब्रह्माण्डमा हुने सम्पूर्ण क्रियाकलापको प्रमुख कारण गति नै हो। यो गतिले गर्दा प्रत्येक क्षण (सेकेन्डमा) के के भइरहेको छ ? हाम्रो ब्रह्माण्डमा प्रत्येक सेकेन्डमा लगभग १२० वटा ब्लेक होल जन्मिन्छ । लगभग १२०० पुराना ताराहरू ब्रस्ट हुन्छन् (समाप्त हुन्छन्) । लगभग ६०,००० नयाँ तारा जन्मन्छन् । लगभग ६० लाख नयाँ ग्रह बन्छन् । ब्रह्माण्डमा लगभग हजार किलोमिटर यात्रा आकाशगङ्गाले गर्छ। लगभग ५०० मिटर टाढा पूरै ब्रह्माण्ड गइरहेको छ अर्थात् फैलिरहेको छ। २७ किलोमिटर एन्ड्रोमिडा ग्यालेक्सी मिल्किवे ग्यालेक्सीको नजीक आइरहेको छ । त्यसैगरी, एक सेकेन्डमा ७४,९०० किलोमिटर यात्रा प्रकाशले गरिसक्छ । यसरी हाम्रो ब्रह्माण्डमा अबौं वर्षदेखि प्रत्येक सेकेन्ड यी घटनाहरू हुँदै आइरहेका छन् ।

त्यसैले हामीले के बुझ्न जरुरी छ भने कुनै पनि समाज वा जतिसुकै बलियो राज्यसत्ताले विद्यमान यथास्थिति कायम राख्न चाहन्छ तर ढिलोचाँडो सबै परिवर्तनको शिकार बन्दै जान्छ। हामीले हाम्रो समाजमा देखिरहेको आदर्शवाद र त्यसद्वारा विकसित अन्धविश्वास, रूढिवाद, जात व्यवस्था, छुवाछूतलगायत सामाजिक विकृतिहरू मानव समाजमा लामो समयसम्म थिएन। एउटा निश्चित समयमा मान्छेले समाजभित्र ईश्वरलगायत काल्पनिक पात्र विकास गरेको हो। सामाजिक गतिसँगै विकसित आदर्शवादीहरूको सङ्ख्या अब ८४ प्रतिशत आइपुगेको छ। सामाजिक गतिकै कारण एक दिन सम्पूर्ण मानिस केवल मानववादी र प्रकृतिवादी मात्रै हुनेछ । यो लाखौं माइलको यात्रा नेपाली समाजभित्र पनि नेपाली समाजमा भौतिकवादी समाज नेपालको स्थापनाबाट पहिलो पाइलाको रूपमा शुरू भइसकेको छ । प्रकृतिको नियमविरुद्ध कोही पनि जान सक्दैन । विज्ञानले जतिसुकै धेरै तीव्र गतिको अन्तरिक्ष यान बनाए पनि प्रकाशभन्दा बढी गतिमा हिंड्ने यान बनाउन सक्दैन । प्रकृतिमा उत्पत्ति, विकास र विघटन प्रकृतिकै नियम अनुसार हुन्छ। यो कुनै काल्पनिक ईश्वरको विषय होइन । यो प्रकृतिको सार्वभौम नियम हो । त्यसैले हाम्रो जीवनशैली भौतिकवादी हुन नितान्त जरुरी छ ।

## प्रति १० ग्राम दुई हजारले बढ्यो सुनको मूल्य

काठमाडौं, ३ कात्तिक/रासस

इजरायल–प्यालेस्टिन द्वन्द्व र अमेरिकी डलरको विनिमय दर थप मजबूत भएका कारण विश्व बजारमा यस साता सुनको मूल्यमा उच्च अङ्कले वृद्धि भएको छ। विश्वव्यापीरूपमा भएको मूल्यवृद्धिको प्रभाव आन्तरिक बजारमा समेत परेको छ। नेपाली बजारमा पनि यो साताको पहिलो दिन आइतवार प्रति १० ग्राम रु ९६ हजार ८८० रहेको सुनको मूल्य साताको अन्तिम कारोबार भएको दिन आज शुक्रवार प्रति १० ग्राम रु ९९ हजार २५ मा पुगेको छ। जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम रु दुई हजार १४५ ले बढी हो।


इजरायल–प्यालेस्टिन द्वन्द्वको प्रभाव र अमेरिकी डलरको विनिमय दरमा भएको वृद्धिका कारण लगानीकर्ता सुरक्षित लगानीका रूपमा सुनतर्फ आकर्षित भएका कारणले सुनको मूल्यवृद्धिमा चाप परेको बताइएको छ।

दुई साताअघिसम्म निरन्तर बढेको सुनको मूल्य त्यसयता अमेरिकी डलरको विनिमय दर लगभग स्थिर बन्दै गएपछि केही दिन घटेको थियो। द्वन्द्वका कारण कच्चा तेलको मूल्यमा समेत उतारढाव आई त्यसको प्रभाव सुनको मूल्यमा समेत पर्न सक्ने विश्लेषकको अनुमान छ।

यस्तै, यस साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ । साताको पहिलो दिन रु एक हजार १९२ मा कारोबार भएको चाँदीको मूल्य साताको अन्तिम कारोबार भएको दिन आज शुक्रवार प्रति १० ग्राम रु एक हजार दुई सय पुगेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# बलि दिनु उचित कि अनुचित ?

समीक्षा

सञ्जय मित्र
mitrasanjay41@gmail.com

आस्था अनेक किसिमले प्रकट हुन्छ। आस्था आफैंमा पृथक अनुभूति हो, अभिव्यक्ति हो र अभिव्यक्तिको संस्कार हो । यही अभिव्यक्तिको संस्कार नै कालान्तरमा संस्कृति बन्छ । हाम्रो समाजमा दुई किसिमका धार्मिक आस्था प्रतिविम्बित हुन्छन्– लौकिक र शास्त्रीय। लोकमान्यता नै पुरानो हुनुपर्छ किनभने कुनै पनि शास्त्रीय अभिव्यक्ति त्यति बेलादेखि प्रचलनमा आयो, जतिखेर मानिसले लेख्न सिक्यो। लेख्न नजानेको अवस्थामा कुनै पनि लिखित अभिव्यक्ति सम्भव हुँदैन। स्वाभाविक हो, कुनै पनि सामग्रीले लेख्य रूप पाउनुअघि कथ्यरूपमा व्याप्त हुन्छ।

ऋग्वेदमा लेखिएको छ :

म नो गोषु म नो अश्वेसु रीरिष (१/११४/८) । यसको अर्थ हुन्छ, हाम्रो गाई र घोडालाई नमार।

यसबाट पनि दुई अर्थ केलाउन सकिन्छ । नमार भन्नुको तात्पर्य रक्षा गर हो तर कुन अवस्थामा गाई र घोडालाई नमार भनिएको होला ? के त्यति बेला गाई र घोडा भक्ष्य थिए ? अथवा अन्य प्रयोजनको लागि मारिन्थ्यो ? यजुर्वेदमा यो श्लोक पाइन्छ :

इममूर्णायुं वरूणस्य नाभिं त्वचं पशूनां द्विपदां चतुष्पदाम्।

त्वष्टु प्रजानां प्रथमं जानिन्नमग्ने मा हिंस्सी परमे व्योम ॥ (१३/५०)

ऊनजस्तो केश भएको बाख्रा (बोका/खसी) ऊँट आदि चौपाया र पक्षीहरू आदि दोपायालाई नमार भन्ने भावार्थ रहेको छ, यस श्लोकको । यजुर्वेदको रचना वा विभाजन हुँदासम्म पनि कुनै न कुनै रूपमा विभिन्न पशु तथा चराहरूको वध गर्ने चलन थियो भन्ने कुरो यसबाट सङ्केत पाउन सकिन्छ। ऋग्वेदमा चराको बारेमा उल्लेख छैन तर यजुर्वेदमा भने यस प्रकारको उल्लेख पाउनुले सम्भवतः मासु खाने प्रवृत्ति बढेको अनुमान गर्न सकिन्छ।

सामवेदमा पनि यसरी भनिएको छ–

न कि देवा इनीमसि न क्या योपयामसि । मन्त्रश्रुत्यं चरामसि ॥ (२/७) अर्थात् देवताहरू, हामी हिंसा गर्दैनौं, न त यस्तो अनुष्ठान गर्छौं, वेद मन्त्रको आदेश अनुसार आचरण गर्छौं।

अलिकति यतातिर सङ्केत गरेको हो कि समाजमा दुई प्रकृतिका मानिस थिए, जसमध्ये एकथरीले वेदको ऋचा र मन्त्रहरूको सहयोगले यज्ञ गर्थे र अर्कोथरीले यही रीतिका लागि बलि प्रदान गर्थे।

भनिन्छ, श्रीमद्भागवत देवीमहापुराणले बलिप्रथाको पक्ष लिएको छ रे।

बलिप्रथाको प्रचलन बढी मात्रामा हिन्दूको शाक्त र तान्त्रिक सम्प्रदायमा प्रचलनमा रहेको देखिन्छ। के भनिन्छ भने प्राचीनकालमा भगवतीले दुष्टहरूलाई अन्त्य गर्नको लागि विकराल रूप धारण गरेकी थिइन्, जसलाई कालीको नामले जानिन्छ। काली वा महाकाली यिनै हुन्, जसलाई हिन्दू धर्ममा एक प्रमुख देवीको रूपमा मानिएको छ। यसरी पनि भनिन्छ कि सुन्दरी रूपवाली भगवती पार्वतीको कालो र भयप्रद रूप हो, जसको उत्पत्ति असुरहरूको संहारको लागि भएको थियो। कालीलाई शाक्त परम्पराका दश महाविद्यामध्ये एक मानिएको छ । वैष्णोदेवीमा दायाँ पिंढी माता महाकालीको रहेको मानिएको छ । मुख्यगरी भारतको बङ्गाल, उडिसा तथा असम क्षेत्रमा महाकालीको पूजा अनादिकालदेखि गरिंदै आएको पाइन्छ र बिस्तारै अन्य क्षेत्रमा पनि विस्तार भएको पाइन्छ । नेपालमा पनि दक्षिणकालीको पूजा शाक्त सम्प्रदायले अनादिकालदेखि गर्दै आएको पाइन्छ र बिस्तारै अन्य सम्प्रदायमा पनि पूजाको प्रचलन विस्तार भएको देखिन्छ।

हुनत हिन्दू समुदायमा प्रचलनमा रहेको बलिप्रथाको सबैतिर विरोध गरिएको पाइन्छ । अन्य धर्म तथा सम्प्रदायमा पनि बलिप्रथा हुँदै नभएको चाहिं पक्कै होइन । फरक स्वरूपमा बलिप्रथा अन्य सम्प्रदाय तथा समुदाय र धर्ममा रहेको पाइन्छ । समाचारहरूमा के पाइन्छ भने फरक प्रकृतिले भएपनि साउदी अरब, नेपाल, भारत, श्रीलङ्का, कम्बोडिया, चीन, मङ्गोलिया, बङ्गलादेश, भुटान, पाकिस्तान, थाइल्यान्ड आदि देशमा बलिप्रथा प्रचलनमा रहेको पाइन्छ।



तान्त्रिक सम्प्रदायमा बलिप्रथाको पछाडि शक्ति प्राप्त गर्ने चाहना प्रतिविम्बित हुन्छ । जादु, मन्त्र, तन्त्र, टुनामुना गरेर वा मन्त्रतन्त्रद्वारा आफ्नो स्वार्थ सिद्ध गर्न वा अरूलाई नोक्सान पुऱ्याउन शैव, शाक्त र तान्त्रिक सम्प्रदायमा यस्तो प्रचलन निकै पुरानो मानिन्छ। कतिपय अवस्थामा आजभोलि ज्योतिषहरूले पनि तान्त्रिक टोटका तथा उपायहरू बताउन थालेका छन् । ग्रह–नक्षत्र पूजा, वशीकरण, सम्मोहन, मारण, ताबिज, काला जादु आदि विद्या स्थानीय वा लोकपरम्पराको एउटा हिस्साको रूपमा समाजमा प्रचलनमा रहेको देखिन्छ । हुनत अथर्ववेदमा यस प्रकारको विद्यालाई यो भनेर दर्शाइएको छ कि यो वेदविरुद्ध छ । अथर्ववेदको लक्ष्य सर्वसाधारणलाई स्वस्थ राख्नु पनि हो, जीवनलाई सरल बनाउनु र ब्रह्माण्डको रहस्यसित अवगत गराउनु पनि हो। जादु तथा टुनामुनाले व्यक्ति र समाजको अहित गर्छ र सामाजिक एकतामा विग्रह आउँछ। यसरी गर्नेलाई समाजले पहिलेदेखि नै नकारात्मकरूपमा हेर्दै आएको छ । अथर्ववेदको यो भनाइ निकै घतलाग्दो छ, जुन घरमा मूर्खहरूको पूजा हुँदैन, जहाँ विद्वान्हरूको अपमान हुँदैन र विद्वान् तथा सन्तहरूको उचित सम्मान हुन्छ, त्यहाँ समृद्धि र शान्ति हुन्छ । यसरी कर्मप्रधान सफल जीवन बाँच्नको लागि शिक्षा अथर्ववेदले दिन्छ।

कतिपयले हिन्दू धर्ममा मूर्ति पूजाको प्रचलन भएपछि बलिप्रथाको प्रचलन बढेको अनुमान गरेका छन्। मूर्तिपूजाको प्रचलन कहिलेदेखि भयो त ? यस प्रश्नको उत्तर सहज छैन। हिन्दू धर्ममा यो प्रचलन निकै पुरानो छ। प्राचीनकालदेखि नै हिन्दू धर्मावलम्बीले मूर्तिपूजा गर्दै आएका छन्। पहिले यो लोकपरम्परा थियो। मुख्यरूपमा शैव, शाक्त, नाथ, नाग आदि द्रविड सम्प्रदायमा मूर्तिपूजाको प्रचलन आदिकालदेखि नै रहेको पाइन्छ। सबैभन्दा पहिले मानिसहरूले नाग तथा यक्षको पूजा मूर्ति बनाएर गर्थे भन्ने उल्लेख पाइन्छ। रामायण तथा महाभारत कालमा मूर्तिपूजाको चलन भइसकेको थियो । त्यस युगमा शिवलिङ्ग, विष्णु तथा दुर्गाको मूर्ति बनाएर पूजा गरिन्थ्यो। पुराणहरूको रचना भएसँगै मूर्तिपूजाको प्रचलनले एकातिर औपचारिकता पायो भने अर्कोतिर विस्तार पनि पाउँदै गयो । जैन तथा बौद्ध कालमा मूर्तिपूजाले व्यापकता पाएको मानिन्छ । र अहिले पनि जति पनि बलि दिने काम गरिन्छ, त्यसमा मूर्तिपूजाको ठूलो व्यापकता रहेको देखिन्छ । देवीदेवताको मूर्तिअगाडि नै बलि दिइएको पाइन्छ।

हुनत कतिपय लोकदेवताको पूजामा मूर्ति नभए पनि बलि दिइन्छ। कतिपय समुदायमा प्रचलित लोकदेवताको जोडा पूजा हुँदा देवताको मूर्ति नबनाए पनि देवताको नाममा बलि दिने चलन रहेको छ। यसबाट यो पनि अलिकति अनुमान लगाउन सकिन्छ कि सम्भवतः मूर्तिपूजाको चलन चल्नुअघि अर्थात् मानिसले देवतालाई मूर्तरूपमा काठ, माटो, प्रस्तरको स्वरूप बनाउनुअघि नै देवताको नाममा बलि दिने परम्परा रहेको थियो कि ?

कतिपयले वेदमा पनि यस प्रकारको सङ्केत रहेको बताउने गरेका छन् । वेद रचना भएको समयमा समाजमा बलि दिएर वा नदिएर मासु खाने प्रचलन रहेको पनि दाबी गर्ने गरेका छन्। यद्यपि यसको प्रमाण दिने गरेका छैनन्।

वैदिक जीवन अपनाउनेले बलिप्रथाको वा मासु खाने प्रथाको विरोध गरे पनि मनुस्मृतिमा भने यस प्रकारका श्लोकहरू पञ्चोध्यायमा पाइन्छन् :

यज्ञार्थ पशवः सृष्टाः स्वयमेव स्वंभुवा।

यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधो□वधः ॥ ३९॥

यसको भावार्थ यो हो कि ब्रह्माजीले आफ्नो र अन्य यज्ञको सिद्धिको लागि पशुलाई बनाएका छन्, यसैले यज्ञमा पशुवधलाई हिंसा मानिंदैन।

अर्को श्लोक यस्तो छ–

यज्ञाय जग्धिर्मासस्येत्येष दैवो विधिः स्मृतः।


अतोऽन्यथा प्रवृत्तिस्तु राक्षसो विधिरूच्यते ॥३१॥

अर्थात् यज्ञको लागि मासु खानु दैवविधि मानिएको छ तथा शरीरपुष्टिको लागि मासु खानु राक्षसविधि मानिएको छ।

मनुस्मृतिमा अरू पनि यस्ता श्लोकहरू रहेका छन्, जसले यो सिद्ध हुन्छ कि यज्ञमा मासुको सन्दर्भ आउँछ र यसले बलिलाई सङ्केत गरेको हुनुपर्छ। यज्ञमा पशुवध भनेको यही बलिलाई पो भनेको हो कि ?

समाजमा निकै पहिलेदेखि बलिको विषयमा मतमतान्तर रहेको देखिन्छ। यसरी लौकिक जीवनमा निकै पहिलेदेखि विभिन्न किसिमले बलि दिने चलनलाई अपनाएको देखिन्छ र शास्त्रीय पद्धतिमा कतिपय शास्त्रले पूर्ण वर्जित गरेका छन् भने कतिपय शास्त्रले भने बलिप्रथालाई बल दिने किसिमको तर्कलाई बल दिएका छन्। फेरि पनि लौकिक जीवनमा धेरै उत्सवहरूमा पशुवध गरी सामूहिक भोज वा भोजन वा प्रसादको प्रयोजन हुने गरेको अद्यपर्यन्तको सामाजिक आधार रहेको देख्न सकिन्छ।

# राक्षस : पौराणिक घातक आधुनिक महाघातक

सरोकार

राजेश मिश्र
rajesh560107@gmail.com

दुर्गा सप्तशतीमा देवी भगवती र राक्षसबीच द्वन्दका अनेक कथाहरू वर्णन गरिएको पाइन्छ। कालान्तरमा राक्षसहरू देवीदेउताको उपासना गरी मनोवाञ्छित वर प्राप्त गर्थे । शक्ति प्राप्त गरेपछि शक्तिदातामाथि नै खनिन्थे। राक्षस जति बलियो भए तापनि देवतासँग परास्त भएका अनेक प्रसङ्ग धर्मग्रन्थहरूमा पाइन्छन्। दशैं राक्षसत्वको वध भएको स्मरण गराउने महापर्व हो । दुर्गा सप्तशतीमा देवी भगवतीद्वारा महिषासुर, धुमलोचन, चण्ड, मुण्ड, शुम्भ र निशुम्भ आदि अनेक राक्षसहरूको वधका कथाहरू उल्लेख छन्।

महिषासुर रम्भ नामक दानवको पुत्र र राक्षसहरूको सम्राट थियो । उसले युद्धमा देवताहरूलाई पराजित गरेर भगवान् इन्द्रको सिंहासन कब्जा गऱ्यो। ऊ अभूतपूर्व शक्तिशाली र मायावी राक्षस थियो। महिषासुरले इन्द्रलोकबाट तिनै लोकको शासन व्यवस्था चलाउन थाल्यो। पराजित देवताहरू निराश भई भगवान् ब्रह्माकहाँ गए । ब्रह्माले देवताहरूको दुःखेसो सुने । अन्ततः देउताहरूलाई लिएर भगवान् विष्णु र शिवको शरणमा गए।

भगवान् शिव र विष्णु महिषासुरका अत्याचारका कथा सुनेर क्रोधित भए। देउताहरूको क्रोधपूर्ण मुद्राले उनीहरूको शरीरबाट प्रकाश निस्कन थाल्यो र 'देदीप्यमान' ज्योतिमा परिणत भयो। त्यहीं ज्योति एकत्र भई एक सुन्दर स्त्री प्रकट भइन् । ती दुर्गास्वरूप देवीले महिषासुरका साथै धुमलोचन, चण्ड, मुण्ड, शुम्भ र निशुम्भ आदि राक्षसहरूको वध गरिन्। युद्धको दौरान महिषासुर नामक राक्षस देवीको प्रकोपबाट बच्नको लागि भैंसी, सिंह र हात्ती आदि अनेक प्रकारका रूप धारण गरेको कथाबाट अवगत हुन्छ। राक्षसहरू मायावी हुन्थे । उनीहरू समय अनुसार अनेक रूप धारण गर्न सिपालु थिए।

**दशैं**


दशैं सनातन संस्कृतिको महत्त्वपूर्ण पर्व हो । दशैंको अवसरमा घरघरमा पूजापाठ गरिन्छ । देवालय तथा सार्वजनिक स्थलहरूमा भव्य पण्डाल खडा गरी देवी भगवतीको पूजापाठ र आराधना गरिन्छ । यस अवसरमा ठाउँठाउँमा मेला लाग्छ । मानिसहरू परिवारसहित मेला भर्न जाने र देवीको दर्शन पूजन गर्ने परम्परा सदियौंदेखि निरन्तर छ।

यद्यपि मानवीय संवेदना दशैंको सन्देश आत्मसात् गर्नुभन्दा बढी मेलाको रजगजमा रनभुल्ल हुन्छ। व्रत, पूजापाठ तथा दर्शन गर्नु वा फलफूल तथा प्रसाद चढाउनु देवत्वप्रति श्रद्धा हो । श्रद्धाले आत्मशान्ति प्रदान गर्छ। यद्यपि देवत्वप्रति श्रद्धा तबसम्म सार्थक हुँदैन, जबसम्म पर्वको भूलभूत सन्देश ग्रहण र आत्मसात् गरिंदैन।

दशैं पर्वको उपादेयताप्रति सजग नहुनु राक्षसी प्रवृत्तिकै एक पाटो हो । दशैं पर्वको महत्त्व के हो ? दशैं पर्वले समाजमा कस्तो सन्देश प्रवाह गर्न खोजेको हो ? दशैं पर्वले समाजमा कस्तो परिवर्तन हुनुपर्ने हो ? आदि प्रश्नहरूको उत्तर जान्ने चेष्टा गर्नुपर्छ। दशैं पर्वको सन्देशमूलक महात्मय सामाजिक जागरूताको महाअभियान हो।

सामान्यतयाः दशैं महापर्वलाई असत्यमाथि सत्यको विजयको प्रतीक मानिन्छ । कालान्तरमा देवीदेउतामाथि दैत्य, दानव, राक्षस र असुरहरूले अनेक प्रकारले विघ्न, बाधा र षडयन्त्र सिर्जना गर्थे । देवत्व सभ्यतामाथि हमला गर्थे। देवत्व प्रवृत्तिले राक्षस प्रवृत्तिलाई सुधारको मौका पनि दिन्थ्यो। तर राक्षस प्रवृत्ति अहङ्कारका कारण आफूलाई शक्तिशाली ठान्थ्यो र झन् उग्र हुन्थ्यो। अन्ततः राक्षसहरू देवत्व प्रकोपको शिकार हुन्थे। सत्यको जीत र असत्यको हार हुन्थ्यो।

सत्यको विजय र असत्यको पराजय किन हुन्थ्यो ? यो महत्त्वपूर्ण प्रश्नको उत्तर ज्ञात र आत्मसात् गर्नु नै देवत्वप्रति श्रद्धा जाहेर गर्नु हो। वर्तमान परिवेशमा छिमेक, टोल, गाउँ, शहर र देशका कुनाकाप्चामा सत्यमाथि असत्य हाबी भइरहेका अनेक दृष्टान्तहरू छन् । संविधान, विधान, ऐन, नियम र कानून आदि देवत्व प्रवृत्तिका छद्म स्वरूप हुन्। त्यसलाई आत्मसात् गर्ने पात्र देवतातुल्य हुन् भने सोको विपरीत हिंड्ने पात्रहरू राक्षस हुन् । सरल भाषामा भन्ने हो सत्यमार्गी देवता र असत्यमार्गी राक्षस हुन्।



**पौराणिक राक्षस**

राक्षसहरूलाई सामान्यतया भयङ्कर प्राणीको रूपमा चित्रण गरिन्छ । उनीहरूको शारीरिक र मानसिक विशेषता डरलाग्दो चित्रित गरिएको पाइन्छ। जस्तै अजङ्गको टाउको, तीखो दाँत, डरलाग्दो जीउडाल र इच्छा वा अभिप्राय अनुसार विभिन्न रूप धारण गर्ने क्षमता रहेको चित्रण गरिएको पाइन्छ।

राक्षसहरू असीम शक्ति र क्षमता प्राप्त गर्ने मनोविज्ञानले ग्रसित हुन्थे । उनीहरू आफ्नो शक्ति, सामर्थ्य, चतुऱ्याइँ र युद्ध कौशलको दुरुपयोग गर्थे। अर्थात् देउताहरूलाई परास्त गर्न खर्च गर्थे । राक्षसहरू काला जादु, भ्रम र अन्य रहस्यमय कलाका साथै अरूलाई धोका दिन वा हानि पुऱ्याउने मानसिकताले ग्रसित हुन्थे।

पौराणिक कथाहरूमा राक्षसहरू प्रायः विरोधी वा अवरोधीको भूमिकामा पाइन्छन् । उनीहरूले देवताहरूको शक्तिलाई चुनौती दिने, धार्मिक अनुष्ठानहरूमा अवरोध पुऱ्याउने र अराजकता तथा विनाशकारीको रूपमा चित्रण गरिएको पाइन्छ। देउताहरूको पूजा आराधना गर्ने र मनोवाञ्छित फल प्राप्त भएपछि देउताहरूकै कुभलो सोच्ने प्रवृत्तिमा राक्षसहरू लिप्त थिए।

राक्षसहरू नकारात्मक शक्तिहरूको प्रतिनिधि पात्रको रूपमा देखिन्छन् । राक्षस प्रवृत्ति असत्यको प्रतीक हो । राक्षसीपथ सत्यमार्गी (देवताहरू)को अधिकारलाई चुनौती दिन्थे । उनीहरू कपटी, ईर्ष्यालु, धूर्त, दुष्ट र द्वेषपूर्ण चरित्रका थिए।

**आधुनिक राक्षस**

राक्षसहरू अस्तित्वहीन छैनन् भन्नुपर्दा अतिशयोक्ति नहोला। परिवर्तित स्वरूपमा अहिले पनि उनीहरूको अस्तित्व मात्र होइन, वर्चस्व पनि छ। बाहिरी आवरणमा राक्षसतुल्य नलाग्ने तर अदृश्यरूपमा राक्षस प्रवृत्तिमा लिप्त पात्रहरूको कमी छैन । पौराणिककालभन्दा पनि अहिले उनीहरूको उपस्थिति भयावह र घातक छ । वर्तमान परिवेशमा राक्षसहरूको अवगुणका संवाहक, जो चिन्नै गाऱ्हो हुने खालका छन्, उनीहरूको रजगज राजनीति, सत्ता, न्यायालय, प्रहरी, अख्तियार, शिक्षा, स्वास्थ्य आदि विविध क्षेत्र र अनेक स्वरूपमा छन्। यो अकाट्य सत्य स्वीकार गर्नुको विकल्प छैन।

पौराणिककालमा अदृश्य देवीदेउताहरू दुर्गा, काली, राम, कृष्ण आदि अनेक रूपमा भूलोकमा सदृश्य भएका कथाहरू छन्। त्यसैगरी, वर्तमान समयमा सामाजिकस्तरबाट बढी रुचाइएका पात्रलाई देव अंश स्वीकार गर्न सकिन्छ। यद्यपि साम, दाम, दण्ड र भेद आदि कुनै पनि प्रकारको अवगुण प्रयोग गरी सामाजिक सहानुभूति बटुल्ने पात्रलाई देवत्व श्रेणीमा दर्ज गर्न मिल्दैन। उनीहरू त उहिलेकै राक्षसहरूको पुनरावृत्ति वा आधुनिक स्वरूपहरू हुन्।

वर्तमान परिवेशमा देवीदेउता अर्थात् सत्यको सदृश्य रूप संविधान हो । संविधानले काखापाखा गर्ने अनुमति दिंदैन। धार्मिक ग्रन्थझैं संविधानले पनि मानवलाई सत्यपथमा हिंड्न सिकाउने सत्यको सरोवर हो । सोको विपरीत ध्रुवमा हिंड्ने पात्रहरू वर्तमान परिवेशका असत्यमार्गी राक्षसहरू हुन्।

**दशैं महापर्वको सन्देश**

सनातन ग्रन्थहरूको मन्थन गर्ने हो भने राक्षसहरूले एकक्षत्र राज गर्ने मानसिकताको वशीभूत रहेको निष्कर्ष निस्कन्छ। उनीहरूले तीनै लोकमा स्वार्थी प्रभुत्व चाहन्थे । त्यसका लागि देवीदेउतासँग अनेक प्रकारका षडयन्त्र र युद्ध गर्थे। अहङ्कारको मातमा लिप्त राक्षस प्रवृत्ति सत्यरूपी देवत्वबारे अनभिज्ञ हुँदैन । अपितु लोभ, मोह,

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

अब यो परिवारमा भित्रभित्रै सङ्घर्ष शुरू हुन्छ । यिनीहरू प्रेमपूर्वक रहन सक्नेछैनन्। किनकि यिनीहरूको आपसमा शत्रुता पैदा हुन शुरू भएको छ । यिनीहरूबीचमा ईर्ष्या तथा प्रतिस्पर्धा शुरू भइसकेको छ । यो परिवार कहिल्यै सुखी हुन सक्नेछैन । यिनीहरूबीचमा सधैं तनावको वातावरण कायम रहिरहनेछ । जीवनमा यिनीहरू एउटै पेशामा रहेका कारणले उनीहरूले घरमा सामञ्जस्यता ल्याउन धेरै कठिन पर्छ। जिन्दगीमा चिकित्सकको भूमिका एकसाथ समान दर्जामा निभाउँदा निभाउँदै गर्दा उनीहरूले पति–पत्नीको भूमिका निभाउनै बिर्सिन्छन् ।

नारीको शिक्षा बिल्कुल अलग ढङ्गको हुनुपर्छ। यो यस्तै नै हुनुपर्छ भन्ने छैन। आफैंले विचार गरेर निर्णय गर्न सकिन्छ। आफ्नो प्रकृति अनुसार जुन क्षेत्रमा आफ्नो रुचि हुन्छ, त्यही क्षेत्रमा जानु ठीक हुन्छ । पुरुष तथा स्त्री एकापसमा सहयोगी बनून्, प्रतिस्पर्धी नबनून् भन्ने कुराको ख्याल राख्नुपर्छ । पुरुष गणितिज्ञ भए स्त्री सङ्गीतज्ञ हुनु राम्रो योग हुन सक्छ। पुरुषलाई सङ्गीतको सारेगम थाहा हुँदैन र स्त्रीलाई गणितको एक, दुई, तीन थाहा हुँदैन । यिनीहरू जीवनयात्रामा परस्पर सहयोगी हुनेछन्। यिनीहरूको जीवनमा एउटा पूर्णताको आभास हुनेछ । अलगअलग पेशाका, एकापसमा परिपूरक ढङ्गका पति–पत्नीको मिलनले नयाँ समग्रता उत्पन्न हुन्छ । यदि दुवैजना एउटै पेशामा छन् भने यस्तो हुन्छ कि हामीले चुम्बकका दुईटै पोललाई एकैतिर फर्काएर राखिदिएका छौं । त्यसैले गर्दा तिनीहरूबीचमा विकर्षण पैदा भयो। यही कारणले उनीहरूबीचमा प्रेम उत्पन्न हुँदैन ।

सबै पुरुष, पुरुषचित्तका नै हुन्छन् भन्ने जरुरी छैन। कुनै मानिसको कविको हृदय पनि हुन्छ। कविभित्र कोमल भावना हुन्छ, गहिरो संवेदना हुन्छ। यही कारणले सानासाना कुराले पनि यिनीहरूको दिल छुन्छ। यिनीहरूभित्र रहेको संवेदनशीलता तथा सौन्दर्यप्रति रहेको प्रेमको कारणले नै उनीहरूले काव्य रचना गर्न सक्छन्। यस्ता चित्तलाई ओशो स्त्रीचित्त भन्नुहुन्छ। यस्तो चित्त हृदय उन्मुख हुन्छ, बुद्धि उन्मुख हुँदैन। हामीभित्र दुई चिज छन्– दिल र दिमाग, मस्तिस्क र हृदय। यसमध्ये एउटा विचारको केन्द्र हो र अर्को भावनाको केन्द्र हो। कवि विचार एवं तर्क बुद्धिको सहारा लिएर बाँच्दैन, ऊ भावनाको आयाममा आफ्नो जीवन जिउने गर्छ। उसको स्त्रीचित्त हुन्छ।

यसैगरी, कहिलेकाहीं स्त्रीहरूमा पनि अपवाद देखिन्छ। उनीहरूको पुरुषचित्त हुन्छ। उनीहरू गणितमा चल्छन्, उनीहरू लेखाजोखा गरिरहन्छन्, हिसाबकिताबमा जीवन जिउँछन् । यिनीहरू वैज्ञानिक चिन्तन पनि गर्छन्। तर्कमा यिनीहरूको रुचि धेरै हुन्छ र प्रेममा कम रुचि हुन्छ। पुरुषहरूको जीवनमा यो स्वाभाविक छ। पुरुषहरूले उनीहरूको प्रकृति अनुसार तर्क धेरै गर्छन् र प्रेम चाहिं एकदम कम गर्छन्। तर स्त्रीहरू प्रायः यसको विपरीत स्थितिका हुन्छन्। उनीहरूमा प्रेमको मात्रा बढी हुन्छ र तर्कको मात्रा ज्यादै कम हुन्छ । यदि यस्तो भयो भने उनीहरू एकअर्काका पूरक हुन्छन्।

तर अपवाद हुँदैन भन्ने होइन, अपवाद अवश्य हुन्छ । यिनीहरूले अपवादको नियमलाई नै सिद्ध गर्छन्। करीब ९५ प्रतिशत पुरुष कठोर प्रवृत्तिका हुन्छन् र त्यसैगरी करीब ९५ प्रतिशत स्त्री कोमल प्रवृत्तिका नै हुन्छन्। कोमल भावनाका हुन्छन् । तर करीब पाँच प्रतिशत दुवैमा अपवाद पनि हुन्छन्। स्त्री तथा पुरुषको निर्माण माता तथा पिताको मिलनबाट नै भएको कारणले दुवैका गुणहरू सबैमा मौजुद हुन्छन्। तर ती दुईमध्ये एउटा गुण भित्रै लुकेर बस्छ र अर्को गुण धेरै हाबी हुन्छ। शरीरको बनावटभन्दा पनि मनोवृत्तिले धेरै महत्त्वपूर्ण अर्थ राख्छ।

हामी जसलाई ज्ञान भन्छौं । तर साँच्चीकै भन्ने हो भने त्यो स्मृति मात्र हो। त्यसैले यसले हाम्रोलागि पर्खालको मात्र काम गर्छ। जति पढेलेखेको मानिस हुन्छ, जति विशेषज्ञता हासिल गरेको मानिस हुन्छ, त्यति ऊ सङ्कीर्ण बुद्धिवाला, सङ्कीर्ण दृष्टिवाला, सङ्कीर्ण दिमागवाला मानिस हुन्छ।

कुनै पिएचडीको डिग्री हातमा लिएको तर अध्यात्ममा नलागेको मानिसलाई भेट्दा हामीलाई थाहा हुन्छ कि ऊ कति सङ्कीण दृष्टिवाला मानिस रहेछ ? उसले जे जानेको छ, त्योभन्दा बाहेक अरू कुरा सुन्न र हेर्न चाहँदैन। ऊ कुवाको भ्यागुता जस्तै हुन्छ। कुवामा जन्म्यो, कुवैमा हुर्क्यो। त्यो भ्यागुताले सम्झन्छ कि यही कुवा नै सबै थोक हो, यसबाहेक केही पनि छैन। उसको संसार यही नै हो । हामीहरू जसलाई स्मृति ज्ञान भन्छौं, त्यो करीबकरीब त्यस्तै हो । यसमा यस्तो लाग्छ कि चारैतर्फबाट पर्खाल बन्यो । त्यसमा कहीं पनि एउटा पनि प्वाल छैन। त्यसमा कहीं पनि झ्याल छैन, जसबाट हामी बाहिरको दृष्य हेर्न सकौं । जति मान्छे विद्वान् हुनेछ, ऊ त्यति नै कुवाको भ्यागुता जस्तै हुनेछ । त्योभन्दा बाहेक केही उपाय छैन।

धेरैपटक हामीले देखेका छौं, जुन मानिस त्यति पढेलेखेको छैन, उसको दिमागमा त्यति धेरै स्मृतिको बोझ पनि छैन, उसले आफ्नो जीवन खुला मनले जिएको छ, उनीहरू नै खुला दिमागवाला मानिस हुन्छन्। जस्तो एउटा सानो बच्चा खुलेर हाँस्न सक्छ। आफ्नै धुनमा मस्त हुन्छ।

उसले सुनेकै भरमा करीब एक अथवा डेढ वर्षमा आफ्नो मातृभाषा सिक्न सक्छ। त्यही ठाउँमा ठूलो मानिसलाई कुनै नयाँ भाषा सिक्नुपऱ्यो भने करीब पाँच वर्ष लाग्छ । उसमा ग्रहणशीलता कम भइसकेको हुन्छ। त्यसैले नयाँ भाषा सिक्न उसले त्यो भाषाको जानकार व्यक्तिकहाँ गएर कक्षा लिनुपर्ने हुन्छ । सानो बच्चालाई न कसैले सिकाउँछ, न ऊ कोचिङ कक्षामा नै जान्छ। तर पनि उसले अरूको कुरा सुनेकै भरमा सबै थोक सिकिहाल्छ। क्रमशः

## राक्षस ...

बेइमानी र कपट आदि असत्य मार्गमा यतिविघ्न लिप्त हुन्छ कि देवत्व स्वीकार्न आफ्नो मानहानि ठान्छ । राक्षस प्रवृत्ति सधैं सत्यलाई चुनौती दिने, त्रास सिर्जना गर्ने, दम्भ देखाउने र अनेक स्वरूपमा उन्माद प्रकट गर्ने दुष्चरित्रमा लिप्त हुन्छ। त्यस कारण 'मुखमा रामराम, बगलीमा छुरा' उखान चरितार्थ हुने मानसिकतामा लिप्त पात्रहरूका लागि दशैं पर्व मनाउनुको कुनै औचित्य छैन।

दशैं महापर्व राक्षस प्रवृत्तिको वधोत्सव मनाइने महोत्सव हो । दशैं पर्वले असत्यमार्गीहरूको झुन्ड जति विकराल भए तापनि अन्ततोगत्वा सत्यमार्गीहरूको विजय हुन्छ भन्ने सन्देश दिन्छ । त्यस कारण यस अवसरमा आफूभित्रको राक्षसी प्रवृत्तिलाई हवनकुण्डमा स्वाहा गर्ने पात्र नै दशैं पर्वको महत्त्व आत्मसात् गरेको ठहर्छ। त्यसैगरी, छल, कपट, झूट, बेइमानी, ईर्ष्या, स्वार्थ आदि अवगुणहरूका लेस मात्र पनि अंश मानसिकतामा छ भने तपाईं राक्षस प्रवृत्तिको महाघातक पात्र हो । राक्षस प्रवृत्ति मानव सभ्यताको हानिकारक तत्त्व हो। त्यस कारण राक्षस प्रवृत्तिको अन्त्य नै दशैं महापर्वको मूलभूत सन्देश हो।

महँगी, बेरोजगारी, अन्याय, पीडा, दुःख र कष्ट सिर्जना गर्ने र भ्रष्टाचार गरी देशको अर्थव्यवस्थालाई तहसनहस पार्ने महिषासुर, धुमलोचन, चण्ड, मुण्ड, शुम्भ र निशुम्भ रूपी वर्तमान महाघातक राक्षसहरूको अन्त्य होस् । यी अवयवहरूको अन्त्य गर्नु नै दशैं पर्वको महात्मय र सत्यपथको निर्माण गर्नु हो। देवी भगवतीको कृपा होस्। दशैं महापर्वको हार्दिक शुभकामना !

# दैहिक बनाम मानसिक रोग वा सोमेटोफार्म डिजार्डर

वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**चिकित्सकले उपचार शुरू गर्छ तर रोगी बीचैमा उपचार छोडेर अर्को चिकित्सककहाँ जान्छ। त्यसलाई पनि छोडेर तेस्रो चिकित्सककहाँ जान्छ। यसरी चिकित्सक बदलिरहने उसको असली पहिचान हो, जुन दैनन्दिनको कारणभन्दा भिन्न हुन्छ।**

उपरोक्त शीर्षकको मतलब हुन्छ, ती मानसिक रोग जो शारीरिक दुःखको रूपमा व्यक्त हुन्छ र रोगी त्यसलाई केवल शारीरिक रोग नै मानेर बस्छ। एउटा रोगी चिकित्सककहाँ जान्छ र भन्छ कि उसको पेट वा छातीमा दुखाइ हुन्छ वा दुई वर्षदेखि कब्ज वा पखाला चल्छ। धेरैलाई देखाएँ तर कसैले ठीक गर्न सकेन। अब तपाईंमाथि विश्वास गरेर आएको छु। चिकित्सकले उपचार शुरू गर्छ तर रोगी बीचैमा उपचार छोडेर अर्को चिकित्सककहाँ जान्छ। त्यसलाई पनि छोडेर तेस्रो चिकित्सककहाँ जान्छ। यसरी चिकित्सक बदलिरहने उसको असली पहिचान हो, जुन दैनन्दिनको कारणभन्दा भिन्न हुन्छ । खोज्नुपर्ने आफ्नो मानसिक रोगको उपचार हो, जसको उसले भेउ नै पाउँदैन । जानकारीविना एक साधारण मानिसले यसरी भन्नु स्वाभाविक पनि हो। उसको ध्यान मात्र शारीरिकरूपमा हुन्छ र यसको कारण यो हो कि त्यसमा शारीरिक गडबडी नै बढी हुन्छ। ल्याटिनमा सोमाको अर्थ शरीर हो । त्यसैले यसको नाम सोमेटिक वा सोमेटोफार्म डिजार्डर परेको छ।

अतः सोमेटिक डिजार्डर त्यो मानसिक रोग हो, जसले शारीरिक गडबडीले आफूलाई प्रकट गर्छ।

यसै सोमेटिक डिजार्डरबारेमा संक्षिप्त व्याख्या गरौं । यसका निम्नलिखित पाँच प्रकार हुन्छन् : १) सोमेटाइजेसन डिजार्डर, २) हाइपोकोड्रियासिस, ३) सोमेटोफार्म अटोनोमिक डिसफंक्सन, ४) पर्सिसटेन्ट सोमेटोफार्म पेन डिजार्डर र ५) सोमेटाफार्म डिजार्डर।

१) सोमेटाइजेसन डिजार्डर : यसमा दुई वा दुईभन्दा बढी लक्षणहरू देखिन्छन्, जसको कुनै शारीरिक कारण हुँदैन। लक्षण समयसमयमा दोहोरिरहन्छ र पुरानो हुन्छ। डायग्नोसिसको लागि यी लक्षण कम्तीमा दुई वर्ष पुरानो हुनुपर्छ। चार प्रकारका दुखाइ, दुई प्रकारका आन्द्रासम्बन्धी गडबडी र एक प्रकारको सेक्सुअल गडबडी हुनु यसको प्रबल सङ्केत हो । यसका लक्षण अस्पष्ट हुन्छ, जो एकभन्दा बढी सिस्टमको बारेमा हुन्छ। बहुधा पेटको दुखाइ, वाकवाकी र भोजन बाहिर आएजस्तो हुने, छालामा विकृत प्रकारको खुलदुलीजस्तो हुने, चीसोपन, चिलाउने जलन तथा सेक्सुअल र महीनावारीको गडबडी हुन्छ । महीनावारीको गडबडीमा अक्सर बढी रगत आउने, पेट दुख्ने साथै सम्भोगको बेला आनन्द नभएर केवल दुखाइ हुने जसलाई डिसपेरोनिया भनिन्छ आदि हुन्छ। रोगी चिकित्सक बदलिरहन्छ, जो यसको पहिचान पनि हो । रोगीमा सामाजिक र पारिवारिक काममा पनि कमी देखिन्छ, जो उसको व्यवहारमा नै परिणत हुन्छ। यसमा कन्भर्सनका लक्षण देखिनु आम कुरा हो । यो रोग खास गरेर महिलामा उमेरको दोस्रो र तेस्रो दशकमा देखिन्छ। उसको मातापितामा पनि यो रोग केही मात्रामा पाइन्छ । रोगीको व्यक्तित्व हिस्टेरिक हुन्छ अर्थात् रोगी हिस्टेरिक ट्रेटको हुन्छ । केही वास्तविक दैहिक रोग पनि यस्तै खालको भएका हुनाले त्यसबाट यसलाई छुट्याउनु जरुरी हुन्छ। जसरी हाइपोथायरायडिज्म, हाइपरथायरायडिज्म, पोरफायरिया जो प्युरिन मेटाबोलिज्ममा हुने गडबडी हो र मल्टिपल स्केलेरोसी तथा एसएलई जसमा दुवै अटोइम्युन रोग हो, जसमा रोग प्रतिरोधक शक्ति आफ्नै शरीरको सेलविरुद्ध काम गर्न थाल्छ, जसको कुनै उपचार हुँदैन जस्तै प्यान्क्रियाजको क्यान्सर आदि। त्यसरी नै निम्न मानसिक रोगसँग पनि छुट्याउनु जरुरी हुन्छ यथाः सिजोफ्रेनिया, गहिरो डिप्रेसन, हाइपोकोन्ड्रियोसिस, कन्भर्सन डिजार्डर र डेल्युजनल डिजार्डर आदि । सोमेटाइजेसन डिजार्डरको उपचार धेरै कठिन हुन्छ तापनि निम्नलिखित उपचार सहयोगी हुन्छ : पुरानो रोग भएमा यसलाई पूरै ठीक गर्नुभन्दा यसका लक्षणलाई कम गर्ने लक्ष्य राखिन्छ। सर्वप्रथम रोगीको लक्षण र उसलाई कसरी उपचार गर्ने भन्ने एक सूची बनाइन्छ। त्यसपछि रोगीको व्यवहारमा परिवर्तन ल्याउने कोशिश गरिन्छ, जसरी रोगको लक्षणलाई उपेक्षा गरी उसको असल गुणलाई सामुन्ने ल्याउने गरिन्छ र साथै रिलेक्सेसन विधिमा योग, प्राणायाम र ग्रेडेड व्यायाम गराइन्छ। ग्रेडेड व्यायामको मतलब हुन्छ कि बिस्तारै व्यायामको प्रकार र अवधि बढाउने न कि एकैचोटि कडा व्यायाम। औषधिमा



कम समयको लागि बेन्जोडाइजिपिन जस्तो एन्टिडिप्रेसेन्टको पनि प्रयोग गरिन्छ।

२) हाइपोकोन्ड्रियासिस : ग्रीकमा हाइपोकोन्ड्रियासिसको मतलब हुन्छ, रिजन अफ एब्डोमेन वा पेटको क्षेत्र । ग्रीकहरू के मान्थे भने यही क्षेत्र विकृतिको मूल हो । यस क्षेत्रमा कलेजो, फियो, मिर्गौला आदि त आउँछन् नै फोक्सो र हृदयलाई पनि जोड दिन्थे। त्यसैले यसको रोगलाई हाइपोकोन्ड्रियासिस नाम राखियो। यसमा रोगीले पहिले नै रोगको धारणा बनाइ कम रोगलाई पनि गम्भीर भनी बढाइचढाइ गरेर बताउँछ। रोगीले पहिले नै मानिसकेको हुन्छ कि उसलाई डरलाग्दो रोग लागेको छ । त्यसलाई उसले चिकित्सक र साथीभाइलाई पनि भनिरहन्छ, जबकि त्यति गम्भीर केही पनि हुँदैन । यसको उदाहरण म स्वयम् हुँ। रक्सौलमा पढाइ गर्थें। अगलबगलमा केही फाइलेरियाका बिरामी थिए, जससँग दैनिक जम्काभेट हुन्थ्यो । कसैको खुट्टा बीभत्सरूपले सुन्निएको थियो, कसैको हात। मलाई त्यो हेरेर धेरै चिन्ता हुन्थ्यो। एक दिन के भयो भने म आफ्नै नाडी नाप्न थाले । मलाई यस्तो लाग्न थाल्यो कि मेरो एउटा नाडी केही सुन्निएको छ। साथीहरूलाई भन्दा उनीहरू नाडी हेर्थे र हाँस्न थाल्थे र भन्थे यसलाई शङ्का रोग लागेको छ, लगौं चिकित्सककहाँ। चिकित्सकले जाँच गरेर भनेपछि मात्र मेरो चिन्ता हरायो । आजसम्म मेरो नाडी जस्ताको त्यस्तै छ । यही हो हाइपोकोन्ड्रियासिस। मेरो मनले पहिले नै मानिसकेको थियो कि मलाई फाइलेरिया हुन लागेको छ । यस बिमारीमा अर्को लक्षण हुन्छ, सम्पूर्ण शारीरिक र पैथोलाजिकल जाँच सामान्य हुन्छ। सामान्य रिपोर्ट हेरेर पनि रोगीको डर समाप्त हुँदैन । यसमा पनि रोगी चिकित्सक बदलिरहन्छ। यो पनि उमेरको दोस्रो र तेस्रो दशकमा देखिन्छ र रोग समयसमयमा बारम्बार देखिने र बल्झिने हुन्छ। यसको कुनै एक कारण निश्चित छैन र निम्नलिखित सिद्धान्तले यसको व्याख्या गर्न सकिन्छ। साइकोडायनामिक सिद्धान्तले के भन्छ भने यो अक्सर आत्ममुग्ध यौनेच्छाले उत्पन्न हुन्छ, जसमा प्रेमिकाको कुनै पनि अङ्ग हेरेर मान्छे यसरी उत्तेजित हुन्छ, जसरी त्यही प्रेमिकाको यौनाङ्ग हो । तर यो केवल कोरा सिद्धान्त मात्र हो। दोस्रोमा डिप्रेसन सिद्धान्त आउँछ। अक्सर मेजर डिप्रेसनमा यी लक्षण देखिन्छ, जसले यस सिद्धान्तको पुष्टि गर्छ। यसमा लक्षण त देखिन्छ तर डिप्रेसन मास्क्ड हुन्छ। तर पनि यो साबित भइनसकेको कुरा हो। यी सिद्धान्त केवल विश्वास र मान्यतामा मात्र आधारित छ। यसको उपचार पनि कठिन छ तर पनि सपोर्टिभ साइकोथेरापीको साथै डिप्रेसन छ भने एन्टिडिप्रेसेन्ट, एंग्जाइटी छ भने एग्जियोलाइटिक उपचार गर्नु नै पर्छ।

३) सोमेटिक अटोनोमिक डिसफंक्सन : यसमा रोगीले स्वचालित नर्भ सिस्टमद्वारा सञ्चालित सिस्टममा गडबडीको गुनासो गर्छ। स्वचालित नर्भले सञ्चालन गर्नेमा हृदय, फोक्सो , आमाशय, आन्द्रा र मूत्रप्रणाली आदि आउँछन्। अतः रोगीले बढेको धडकन, एयरोफजिया, हिचकी, ग्याँस, अपानवायुको अधिकता, कब्ज वा पखाला चल्नु तथा पिसाबमा दुःखको गुनासो गर्छ, जबकि जाँचमा केही पनि पाइँदैन। यसमा रोगीको पूर्वधारणा यति बलियो हुन्छ कि बारम्बार सम्झाए पनि काम लाग्दैन। यसमा मुख्य तीनवटा लक्षणको वर्णन आवश्यक छ । ती हुन्– क) हाइपरभेन्टिलेसन सिन्ड्रोम, ख) इरिटेबल वावेल सिन्ड्रोम र ग) प्रिमेन्सुरेसन सिन्ड्रोम। पहिलो बहुतायतमा हुन्छ, जो अक्सर नोटिसमा छुट्छ। यसमा अक्सर रोगीले हाई गरिरहने र हाफ्ने लक्षण देखाउँछ, जो अक्सर तनाव र भावुकताको बेलामा देखिन्छ । जब यो कम्ती मात्रामा हुन्छ, तब रोगीले थकान, छाती दुख्ने, बढेको धडकन, टाउको दुखाइ र धेरै पसिना आउने गुनासो गर्छ । कडारूपमा दम फुल्ने, औंला बटारिने जसलाई भोजपुरीमा चेंगुरा लाग्ने भनिन्छ। शरीर पूरै एक भागमा कमजोरी र बेहोसीसमेत देख्न सकिन्छ। यसको उपचारमा सपोर्टिभ साइकोथेरापी, रिलेक्सेसन थेरापीमा योग, आसन, प्राणायाम आउँछन् । यहाँ रोगीलाई छातीभन्दा पेटले सास लिन लगाइन्छ ताकि छातीको मांसपेशीलाई आराम दिन सकियोस्। यसको अलावा बिस्तारै सास लिन पनि सल्लाह दिइन्छ। यसमा एयरबैगबाट सास लिनु पनि उपयोगी देखिन्छ। यसको मतलब हुन्छ कि रोगीले छोडेको स्वास नै बारबार लिइरहने। यसले पिसिओ २ को गडबडी ठीक हुन्छ । औषधिमा चिन्ता छ भने एंग्जिओलाइटिक जसरी डाइजिपिन र अल्प्राजोलम तथा डिप्रेसन छ भने एन्टिडिप्रेसेन्ट जसरी इमिप्रामिनको प्रयोग गरिन्छ। ख) इरिटेबल वावेल सिन्ड्रोम : यसलाई स्पास्टिक कोलाइटिस, इरिटेबल कोलोन सिन्ड्रोम, नर्भस डायरिया, म्युकस कोलाइटिस र कोलोन न्युरोसिस पनि भनिन्छ। यसमा अक्सर आन्द्राको गतिमा गडबडी हुन्छ, जसमा निम्न लक्षणहरू देखिन्छन्– पेट दुख्ने, पेट मरोडिनु, पेटमा असहज महसूस हुनु, पखालाको आदतमा बदलाव हुनु जसरी पखाला चल्नु वा कब्ज हुनु र दिसा भएपछि पूरा नभएको महसूस हुनु आदि आउँछ। दिसा पूरा नभएको त कसैलाई पनि महसूस हुन्छ, जब वास्तवमा त्यस्तो हुन्छ। तर यहाँ रोगी जति दिसा भएपनि नभएको महसूस गर्छ। मेरा क्लिनिकमा यसको एक टिपिकल रोगी एक वर्षदेखि धाइरहेको छ । उसले मसँग उपचार गराउने होइन, केवल सल्लाह लिन मात्र आउँछ । सल्लाह लिनको लागि मात्र उसले मलाई चुनेको छ । चिकित्सकहरूकहाँ प्रेस्क्रिप्सनको पुलिन्दा लिएर ऊ आइपुग्छ। कसैबाट ठीक भएन र अब पटना जाने तयारीमा छ। एक दिन उसले भन्यो कि डाक्टर साहब दिसा भएपछि चियासिया खाएर जब म फेरि दिसा गर्न जान्छु, तब अलिकति मात्र दिसा हुन्छ । मैले सोधें दिसा जब भइसक्यो, तब फेरि किन जानुपर्ने ? उसले भन्यो दिसा खलास भएको लाग्दैन, त्यस कारण चियासिया खाएपछि फेरि हुन्छ कि भनेर जान्छु । उसका छोराछोरीले भन्छन् कि तपाईंलाई शङ्काको रोग लागेको छ किनभने गाउँघरमा साधारण मानिसलाई पनि शङ्का रोगको लक्षणको बारेमा राम्ररी थाहा हुन्छ । मैले भनें अब तपाईं पटना नै जानुस् । त्यहाँ नभए दिल्ली जानुस् । तपाईंको रोग अवश्य ठीक हुन्छ । यस्तो रोगी जब चिकित्सक बदल्दाबदल्दै थाक्छ, तब मात्र उसको रोग निको हुन्छ। यसमा रोगी आफ्नो दिसाको बारेमा नाटकीय ढङ्गले वर्णन गर्छ। अमेरिकामा यो बढ्ता महिलामा र भारतमा बढ्ता पुरुषमा पाइन्छ। आन्द्राको गति कम भएमा दुखाइ नभएको पखाला चल्ने र आन्द्राको गति बढी भएमा दुखाइसहित पखाला चल्ने वा दुखाइको साथ कब्ज हुने देखिन्छ। यसको उपचारमा रोगी र चिकित्सकको सम्बन्ध राम्रो बनाउनु, सपोर्टिभ साइकोथेरापी जरुरी पर्छ। यस्ता रोगी पेटसम्बन्धी चिकित्सककहाँ पुग्छ र उसलाई मानसिक रोग विभागमा रिफर गर्नुपर्छ । यसमा तनावको जुन कारण छ, त्यसबाट टाढा बस्ने वा बस्न मजबुरी भए सहनशीलता राख्न सिकाइन्छ । यसमा एन्टिडिप्रेसेन्ट र एंग्जियोलाइटिकले राम्रो काम गर्छ । लक्षणको उपचार यसमा कम सफल हुन्छ तापनि कब्ज छ भने फाइबर दिइन्छ र योगाभ्यास गराइन्छ।

ग) प्रिमेन्सुरल सिन्ड्रोम : साधारणतया महीनावारीको बेला अलिकति दुखाइ र हरारत सबैमा हुन्छ। त्यो दुखाइ महीनावारी शुरू भएपछि निको भएर जान्छ। तर सोमेटिक डिजार्डरमा यसको अलावा भोकमा कमी, चिडचिडापन, खुट्टा सुन्निने, वजन बढ्ने, दूध सुन्निने, पेट फुल्ने, टाउको दुख्ने र थकान सबै हुन्छ, जो भावुकताको कारण भएको एस्ट्रोजन र प्रोजेस्टेरोन हार्मोनको असन्तोलनले पैदा हुन्छ । यी लक्षणहरूलाई रोगीले झन् बढाइचढाइ वर्णन गर्छ भने त भइ नै हाल्यो। यसमा सुन्निएको लागि पिसाब बढी गराउने औषधि, कहिलेकाहीं उपयोगी भएको साइकोथेरापी, प्रोजेस्टेरोन उपयोगी त हुन्छ तर रेसिस्टेन्ट केसमा एन्टिडिप्रेसेन्ट र एंग्जियोलाइटिक पनि प्रयोग गरिन्छ।

४) पर्सिस्टेन्ट सोमेटोफार्म पेन डिजार्डर : यसमा निरन्तर कडा रूपको दुखाइ हुन्छ, जसलाई नभन्दै दुखाइको अनुपातमा रोगीले बढी बनाएर भन्छ। यो प्रायः महिलामा ३० वा ४० वर्षको उमेरमा हुन्छ । यो पनि दुखाइ नर्भ सप्लाइको अनुरूप हुँदैन । यसमा पनि रोगीले चिकित्सक बदलिरहन्छ । यदि रोग पुरानो छ भने रोगीलाई आफूखुशी दुखाइ कम गर्ने औषधि र हल्काफुल्का शान्त पार्ने औषधि खाने बानी पनि हुन्छ।

५) सोमेटोफार्म डिजार्डर : जुन

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायली आक्रमणमा थुप्रैको मृत्यु भएको छ –हमास

गाजापट्टी, ३ कात्तिक/एएफपी

बिहीवार अबेर भएको इजरायली हमलामा गाजामा एउटा चर्चमा आश्रय लिएर बसेका थुप्रै विस्थापितको मृत्यु भएको र धेरै घाइते भएका हमास नियन्त्रित आन्तरिक मामिला मन्त्रालयले बताएको छ। मन्त्रालयका अनुसार गाजा शहरस्थित ग्रिक अर्थोडक्स सेन्ट पोरफाइरस चर्च परिसरमा भएको हमलामा 'ठूलो सङ्ख्यामा घाइते' भएका छन्। प्रत्यक्षदर्शीहरूले एएफपीलाई दिएको




जानकारी अनुसार प्यालेस्टिनी क्षेत्रमा भएको युद्धपछि थुप्रै गाजावासीले शरण लिएको चर्चनजीकै लक्षित गरी हमला गरेको देखिन्छ। इजरायली प्रतिरक्षा फौज (आइडिएफ)ले इजरायलतर्फ रकेट र मोर्टार प्रक्षेपणमा संलग्न कमान्ड र कन्ट्रोल सेन्टरलाई लक्षित गरी आफ्ना लडाकू विमानले आक्रमण गरेको बताएको छ।

"आइडिएफले गरेको हमलाबाट एउटा चर्चको पर्खाल क्षतिग्रस्त भएको छ, हामी हताहतीको रिपोर्टबारे सचेत छौं, घटनाको समीक्षा गरिरहेका छौं," आइडिएफले भनेको छ।

प्रत्यक्षदर्शीहरूले आक्रमणमा चर्चको बाहिरी भाग क्षतिग्रस्त भएको र छेउको एउटा भवन भत्किएको भन्दै घाइते धेरैलाई अस्पताल लगिएको बताएका छन्।

पोरफाइरस अझै पनि सञ्चालनमा आएको गाजामा सबैभन्दा पुरानो चर्च हो।

जेरुसेलमको अर्थोडक्स प्रमुखले आफ्नो चर्च परिसरमा भएको हमलाको 'कडा निन्दा' गरेका छन्। रासस

## क्यानडाले भारतबाट ४१ कूटनीतिज्ञलाई फिर्ता बोलायो

ओटावा, ३ कात्तिक/एएनआई

क्यानडा र भारतबीच जारी विवादका कारण क्यानडाले भारतबाट ४१ कूटनीतिज्ञ र उनीहरूको परिवारका ४२ सदस्यलाई फिर्ता बोलाएको क्यानडाका विदेशमन्त्री मेलानी जोलीले घोषणा गरेकी छन्।

"अहिलेसम्म भारतले अक्टोबर २० (शुक्रवार)सम्ममा नयाँ दिल्लीमा रहेका २१ क्यानडाली कूटनीतिज्ञ र आश्रितबाहेक सबैलाई अनैतिकरूपमा कूटनीतिक उन्मुक्ति हटाउने उसको योजनाबारे औपचारिकरूपमा बताएको म पुष्टि गर्न सक्छु, यसको अर्थ ४१ क्यानडाली कूटनीतिज्ञ र तिनीहरूका ४२ आश्रितमाथि कुनै मनमानी मितिमा उन्मुक्ति हटाउने खतरा थियो र यसले उनीहरूको व्यक्तिगत सुरक्षा जोखिममा पर्नेछ," क्यानडाली कूटनीतिज्ञहरूको प्रस्थानको पुष्टि गर्दै मन्त्री जोलीले भनिन्।

दुई मुलुकबीच जारी कूटनीतिक विवादका कारण 'समानता'को माग गर्दै भारतले क्यानडाको भिसा सञ्चालन निलम्बनसँगै भारतमा क्यानडाली कूटनीतिज्ञहरू कटौती गर्न आह्वान गरेपछि क्यानडाली कूटनीतिज्ञहरूलाई फिर्ता बोलाइएको हो।

"भारतबाट उनीहरूको सुरक्षित फिर्तीका लागि हामीले सहज बनाएका छौं, यसको अर्थ अब हाम्रा कूटनीतिज्ञ र उनीहरूका परिवारले कूटनीतिक छुटलाई परित्याग गरेका छन्, उनीहरू जहाँबाट आएका भएपनि र जहाँ पठाइए पनि कूटनीतिज्ञहरूलाई सुरक्षित राखौं, प्रतिरक्षाले कूटनीतिज्ञहरूलाई उनीहरूको देशबाट प्रतिशोध वा गिरफ्तारीको भयविना आफ्नो काम गर्न अनुमति दिन्छ," मन्त्री जोलीले भनिन्।

"तिनीहरू कूटनीतिको मूलभूत सिद्धान्त हुन् र यो दुईतर्फी बाटो हो, प्रत्येक देशले नियमको पालना गर्दा मात्र काम गर्छ, कूटनीतिक विशेषाधिकार र उन्मुक्तिको एकतर्फी खारेज अन्तर्राष्ट्रिय कानूनविपरीत हो, यो कूटनीतिक सम्बन्धमा भियना महासन्धिको स्पष्ट उल्लङ्घन हो र यस्तो गरेर धम्की दिनु अव्यावहारिक र तनावपूर्ण हो," उनले भनिन्, "यदि हामीले कूटनीतिक प्रतिरक्षाका मानकलाई उल्लङ्घन गर्न दियौं भने पृथ्वीमा कुनै पनि कूटनीतिज्ञ सुरक्षित हुनेछैनन्। उनले यसबारे क्यानडाले 'त्यस्तै व्यवहार' नगर्ने बताइन्।

आप्रवासन, शरणार्थी र नागरिकमन्त्री मार्क मिलरसँगै मन्त्री जोलीले 'भारतसँगको स्थिति'माथि विकसित घटनाक्रमबारे घोषणा गर्दै कूटनीतिज्ञहरूको फिर्तीपछि क्यानडाले दिने सेवा वितरणमा यसको कस्तो प्रभाव पर्नेछ भन्नेबारे जानकारी गराइन्। "भारतको यो निर्णयले दुवै मुलुकका नागरिकलाई सेवाको स्तरमा कुनै असर पर्नेछैन, दुर्भाग्यवश हामीले चण्डीगढ, मुम्बई र बेङ्गलोरमा हाम्रा वाणिज्य दूतावासका सबै व्यक्तिगत सेवा रोक्नुपर्‍यो," उनले भनिन्, "कन्सुलर सहयोग आवश्यक पर्ने क्यानडालीहरू अझै पनि दिल्लीस्थित हाम्रो उच्चायोगमा जान सक्नुहुन्छ, तपाईंले अझै पनि फोन र इमेलमार्फत व्यक्तिगत सेवा लिन सक्नुहुन्छ।" रासस

### चाडपर्वलक्षित ...

पाइए तुरुन्तै कानूनी कारबाईको दायरामा ल्याउन मातहतका निकाय, कर्मचारीहरूलाई निर्देशन दिएको डिएफओ अहमदले बताए।

यदि वनजङ्गल क्षेत्रमा कोही कसैले शङ्कास्पद गतिविधि गरेको देखे वा जानकारी पाए तुरुन्दै वन कार्यालयमा जानकारी गर्नसमेत उनले आग्रह गरे।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### झुक्याएर ...

र नगरप्रमुख कलवारको पुतला जलाएका थिए। उनीहरूले मुख्यमन्त्री यादवले नगरपालिकामा हस्तक्षेप गरेको आरोप लगाउँदै नगरप्रमुख र मुख्यमन्त्रीविरुद्ध कडा नाराबाजी गरेका थिए। पुतला दहन गर्ने बेलामा प्रहरी र प्रदर्शनकारीबीच झडपसमेत भएको थियो।

नगरसभा भएको स्थानमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको थियो। नपा अन्तर्गत रहेका शिक्षा, स्वास्थ्य, कृषि शाखाका कर्मचारीहरूले तलबभत्ताको माग गर्दै असोज ३० गतेदेखि नपामा धर्ना दिँदै आएका छन्।

सिम्रौनगढ नपामा आठजना वडाध्यक्षसहित ३६ जना नेपाली काङ्ग्रेस, नगरप्रमुखसहित १६ जना लोकतान्त्रिक समाजवादी र एकजना वडाध्यक्षसहित पाँचजना नेकपा एकीकृत समाजवादी पार्टीबाट निर्वाचित भएका छन्। नगरप्रमुख र उपप्रमुख पक्षधरबीच एकापसमा कुरा नमिल्दा बेलाबखत सिम्रौनगढ नपामा विवाद हुँदै आएको छ।

### दैहिक ...

लक्षणहरूलाई उपरोक्त चार वर्गमा वर्गीकृत गर्न सकिँदैन, त्यसलाई यस पाँचौं वर्गमा राखिएको छ।

यस अन्तर्गत आउँछ, ग्लोबस हिस्टेरिकस जसमा रोगीलाई घाँटीमा कुनै चीज अड्केको, कस्सिएको वा केही डल्लो भएको महसूस हुन्छ, जबकि त्यस्तो केही भएको हुँदैन।

साइकोजेनिक टर्टिकोलिस जसमा मानिसको घाँटी एकातिर अनाहकमा झुकेको हुन्छ। चिकित्सकले उसलाई हातले ठीक गरिदिन्छ तर फेरि त्यस्तै हुन्छ। अतः औषधि पनि आवश्यक हुन्छ। साइकोजेनिक प्रुराइटिस जसमा प्रायः यौनाङ्गमा चिलाउने गर्छ, जसमा कुनै छालाको रोग हुँदैन। साइकोजेनिक डिसमिनोरियाः जसमा विनाकारण महीनावारीमा असह्य दुखाइ हुन्छ, जबकि शारीरिक जाँच पूर्णतः ठीक हुन्छ। अस्तु


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# शुभकामना आदानप्रदान कार्यक्रम

प्रस, सेढवा, ३ कात्तिक/

थारू कल्याणकारिणी सभा, पर्साले शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

जीराभवानी गाउँपालिका वडा नं ३ स्थित बितो महतो जनता मावि, जीतपुर नौकाटोलामा सो कार्यक्रम सम्पन्न भएको हो।

बडादशैं, दीपावली तथा छठ पर्वको पावन अवसरमा आयोजित कार्यक्रम थाकस, पर्साका अध्यक्ष रामेश्वर महतो थारूको सभापतित्व एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा कृपासिन्धु चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न भएका थियो।

कार्यक्रममा मधेस प्रदेश सांसद शङ्करप्रसाद चौधरी, संविधानसभा सदस्य जयप्रकाश थारू, पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरी, उपाध्यक्ष ममता महतो, थाकसका केन्द्रीय पार्षद महेन्द्र चौधरी, नन्दकिशोर पञ्जियार, राजेन्द्र चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

**प्रस, ठोरी/**

नेकपा माओवादी केन्द्र, ठोरीले दशैं, तिहार, छठ पर्व एवं न्हुदाया भिन्तुनाको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

ठोरी गापा–३ ब्रह्मनगरमा सम्पन्न कार्यक्रममा शुभकामना आदानप्रदान गर्नुका साथै गत असोज पहिलो साता काठमाडौंमा भएको शिक्षक आन्दोलनमा सहभागी शिक्षकहरूलाई सम्मान गरिएको थियो।

कार्यक्रममा वक्ताहरूले राज्यले शिक्षकलाई सम्मान गर्न नसके शिक्षाको क्षेत्रमा विकास गर्न नसकिने विचार व्यक्त गरे। शिक्षकका जायज मागहरू राज्यले सम्बोधन गर्नुपर्नेमा वक्ताहरूको जोड थियो।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा पर्सा इन्चार्ज विजय महतोले विद्यालयमा सबै किसिमका बालबालिकाहरू पढ्न आउने भएकाले शिक्षकप्रति सबैको चासो रहनु स्वाभाविक भएको बताए। उनले शिक्षाको गुणस्तरप्रति सबैले ध्यान दिनुपर्ने बताए।

यस्तै, सो अवसरमा ठोरी गापाका पूर्व अध्यक्ष पद्मलाल श्रेष्ठले शिक्षण पेशाको सम्मान हुन नसक्दा शिक्षक, अभिभावक र स्थानीय सरकारको सुदृढ सम्बन्धले मात्र शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्न नसकिने बताए।

कार्यक्रममा ठोरी–५ का अध्यक्ष अष्टबहादुर लोप्चन, नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठ, उपाध्यक्ष गोपीलाल श्रेष्ठ, शिक्षक सङ्घका अध्यक्ष विदुर सापकोटा, पूर्व अध्यक्ष चिरञ्जीवी सापकोटा, राहत शिक्षक सङ्घर्ष समितिका अध्यक्ष रञ्जीत कार्की, प्रधानाध्यापकहरू नारायण लामा, सोमबहादुर दोङलगायत माओवादी केन्द्रका उपाध्यक्ष, वडा कमिटी अध्यक्षहरू एवं पार्टी सम्बद्ध पदाधिकारीहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

माओवादी केन्द्र, ठोरीका अध्यक्ष सूर्यबहादुर लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ठोरीका विभिन्न विद्यालयका शिक्षक एवं सो पार्टीका नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

यसअघि ठोरीमा नेपाली काङ्ग्रेसले पनि आन्दोलनमा सहभागी शिक्षकहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै सम्मान गरेको थियो।

## बारामा २५ किलो गाँजा बरामद

वीरगंज, ३ कात्तिक।

जिल्ला प्रहरी कार्यालय, बाराले २५ किलो गाँजा बरामद गरेको छ। कात्तिक १ गते राति कलैया उपमहानगरपालिका–७ सनफुलवामा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट खटिएको संयुक्त गस्ती टोलीलाई देखेपछि चार/पाँच जना पुरुष गाँजा फालेर भारततर्फ फरार भएका थिए। टोलीले झोलाबाट पाँच किलोको दरले २५ किलो गाँजा बरामद गरेको जिप्रका, बाराका प्रवक्ता एवं प्रनाउ दधिराम न्यौपानेले बताए।


मधेस प्रदेश सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, पर्सा
वीरगंज, नेपाल

**BTI द्वारा डेङ्गु रोग नियन्त्रणसम्बन्धी औषधि खरीदको सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा पुनः म्याद समाप्त हुने मितिदेखि ७ दिन म्याद थप गरिएकोबारे सूचना**

**दोस्रोपटक सूचना प्रकाशन मिति : २०८०/०७/०३ गते**

यस कार्यालयमा डेङ्गु रोग नियन्त्रणका लागि बायो सर्भिसाइट Bacillus Thuringiensis var. israelensis 5% AS (BTI) ठेक्का बन्दोबस्तबाट सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले इजाजतप्राप्त इच्छुक व्यवसायीहरू, कम्पनी, फर्म वा संस्थाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्रसम्बन्धी शर्तहरू :**

१) यो सूचना पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र र सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट रु १,०००/– (एक हजार मात्र) दस्तुर राष्ट्रिय वाणिज्य बैंक, वीरगंज शाखामा यस कार्यालयको कोड ३७००६२२०१२ मा (पछि फिर्ता नहुनेगरी) राजस्व शीर्षक नं १४२२९ अन्य प्रशासनिक दस्तुर शीर्षकमा राजस्व जम्मा गरी सोको सक्कलै भौचर बुझाइ यस कार्यालयबाट दरभाउपत्र फाराम खरीद गर्न सकिनेछ। माथि उल्लिखित यस कार्यालय कोड ३७००६२२०१२ मा बैंक दाखिला गर्दा समस्या आएकोले यस कार्यालयको नगद रसिदमार्फत समेत रु १,०००/– (एक हजार मात्र) बुझाइ औषधि खरीदको सिलबन्दी दरभाउपत्र खरीद गर्न सकिनेछ।
२) इच्छुक फर्म, कम्पनी वा संस्थाले दरभाउपत्र खरीद गर्दा आव २०७९/८० को लागि नवीकरण भएको फर्म वा कम्पनी, संस्था दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट आव २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आवको करचुक्ता प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयबाट म्याद थपको प्राप्त अनुमतिपत्रको एक/एक प्रति संलग्न गरी रु १०/– को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ।
३) दरभाउपत्र प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिनको दिनमा पुनः ७ (सात) दिन म्याद थप गरिएको हुँदा थप गरिएको अन्तिम दिनको १२:०० बजेभित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गराउनुपर्नेछ। सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट सोही समयभित्र दर्ता गराउनुपर्नेछ।
४) दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनी वा संस्थाले खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा सोसम्बन्धी पेशा वा व्यवसायको कसूरमा आफूले सजाय नपाएको भनी लिखितरूपमा गरेको घोषणापत्र दरभाउपत्रसँग सम्बन्धी कागजातसँग सिलबन्दी गरी पेश गर्नुपर्नेछ। कार्यालयबाट माग गरिएको आवश्यक कागजातसमेत पेश गर्नुपर्नेछ।
५) नियामानुसार बिक्री भई दर्ता हुन आएका दरभाउपत्रहरूको धरौटी रकम प्रदेश लेखा एकाइ कार्यालय, वीरगंजको राष्ट्रिय वाणिज्य बैंक, वीरगंज शाखामा रहेको प्रदेश धरौटी खाता हिनं १२५१००२०२०३००००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा सोबराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त नेपालभित्रको कुनै वाणिज्य बैंकले जारी गरेको कम्तीमा ९० (नब्बे) दिन दाखिला गर्ने अन्तिम दिनदेखिको मान्य अवधि भएको शर्तरहित बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
६) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू दर्ता गर्ने १६औं दिन दिनको २:०० बजेभित्र यस कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
७) दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि करबाहेकको दर पेश गर्नुपर्नेछ।
८) दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अङ्कको ५% (पाँच प्रतिशत)ले हुन आउने रकम बराबरको बैंक जमानत (परफरमेन्स बन्ड) वा नगद धरौटीमाथि उल्लिखित खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्नेछ।
९) अन्य थप कुराहरू बुझ्न आवश्यक परेमा कार्यालयमा वा फोन नं ९८५५०३२००७ मा सम्पर्क गरी बुझ्न सकिनेछ।
१०) यस सूचनामा नपरेका अन्य कुराहरूको हकमा दरभाउपत्रसम्बन्धी कागजातहरू, सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।
११) **BTI मा पेश गर्नुपर्ने थप कागजातहरू**

- नेपाल सरकार कृषि मन्त्रालयको स्वीकृति **Perticide Manag´ent & Registration Section** को पत्र।
- Expiry Date खुलेको हुनुपर्ने।
- उत्पादक कम्पनीको कागजात तथा India को Department of Ag. & Co. op कागजातका प्रतिलिपि।

| सिनं | सूचना नं | विवरण | लागत अनुमान मूअकरसमेत | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/२०८०/८१ | बायो सर्भिसाइट Bacillus Thuringiensis var. israelensis 5% AS (BTI) | ३५,००,०००/– | १,०५,०००/– | |

**डा मुक्तिनारायण साह** (वरिष्ठ स्वास्थ्य प्रशासक)
स्वास्थ्य कार्यालय प्रमुख


अचेत अवस्थामा रहेकी मेनुका परियार

आमाले आत्महत्याको प्रयास गरी अचेत भएपछि बिल्लचीमा परेको नौ महीने बालकको हेरचार गर्दै निजगढ नगरपालिकाकी उपप्रमुख सोममाया थिङ । चाडपर्व नजीकिँदै गएपछि निजगढमा पछिल्लो दुई दिनमा दुई महिलाले आत्महत्याको प्रयास गरेका छन् । बिहीवार निजगढ नपा-९ स्थित ५२ वर्षीया जानुका उप्रेतीले विषसेवन गरी आत्महत्या गरेकी छन् भने शुक्रवार बिहान निजगढ-११ रतनपुरकी २५ वर्षीया मेनुका परियारले पासो लगाएर आत्महत्याको प्रयास गरेकी छन् । उनको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि वीरगंज रेफर गरिएको छ । पारिवारिक कलह, ऋण, चर्को ब्याजदरलगायतका कारणबाट मानसिक दबाबमा आएर महिलाहरूले आत्महत्या गर्ने गरेका छन् । शब्दचित्र: जीतलाल श्रेष्ठ

# खेलकूदको संसार

## बिरूवागुठी युथ क्लब सेमिफाइनलमा

बलिराम शुक्ला, बिरुवागुठी, ३ कात्तिक/

पर्सागढी नगरपालिका-१ मा जारी खसियाही गढीमाई गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार भएको क्वार्टरफाइनलमा बिरुवागुठी युथ क्लब, बडनिहार विजयी भएको छ।


तस्वीर: प्रतीक

बिरुवागुठी युथ क्लब, बडनिहारले महावीर युथ क्लब, सोलखपुरलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । बिरुवागुठीका राधे चौधरी, क्षितिज तामाङ र राजेन्द्र चौधरीले एक/एक गोल गरेका थिए। भोलि अन्तिम क्वार्टरफाइनल खेलमा वीरगंज सिटी क्लब र वनशक्तिमाई युवा क्लब, सिद्धपुर भिड्ने आयोजक कमिटीका अध्यक्ष मदन पटेलले बताए।

## छैटौं प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रिएडभेन्चर प्रतियोगितामा त्रिभुवन आर्मी प्रथम

धादिङ, ३ कात्तिक/रासस

छैटौं प्रधानसेनापति अन्तर्राष्ट्रिय त्रिएडभेन्चर प्रतियोगितामा त्रिभुवन आर्मी क्लब 'ए' टीम प्रथम भएको छ । धादिङस्थित ६ नं बैरेनी ब्यारेकमा छ दशमलव पाँच किलोमिटर दौड, २६ किलोमिटर साइकलिङ र ११ किलोमिटर ऱ्याफ्टिङ प्रतियोगिता भएको थियो ।

उक्त खेलका तीनवटा चरण (दौड, साइकलिङ र ऱ्याफ्टिङ) पार गर्दै त्रिभुवन आर्मी क्लब 'ए' टीम विजय भएको हो। त्यस्तै, त्रिभुवन आर्मी क्लब 'बी' टीम दोस्रो भएको छ। तेस्रोमा इन्डियन आर्मी 'ए' टीम रहेको छ। त्यस्तै, इन्डियन आर्मी 'बी' टीम चौथो भएको छ भने एमटिबी स्टार पाँचौं भएको छ।

महिलातर्फ नेपाल आर्मी महिला टीम पहिलो भएको छ। युनाइटेड फिक्कल एमटिबी स्क्वार्ड दोस्रो र डुल्वा केटिस तेस्रो भएको छ। प्रतियोगितामा २१ टीमका ८४ खेलाडीको सहभागिता थियो ।

पुरुषतर्फको प्रतियोगितामा प्रथम हुनेले रु डेढ लाख, दोस्रोले रु एक लाख, तेस्रोले रु ७५ हजार, चौथोले रु २५ हजार र पाँचौंले रु १५ हजार पुरस्कार प्राप्त गरेका छन्। महिलातर्फ पहिलो हुनेले रु ७५ हजार, दोस्रोले रु ५० हजार र तेस्रोले रु ३० हजार प्राप्त गरेका छन् ।

## नक्कली पत्रकार र नक्कली प्रहरी पक्राउ


नक्कली पत्रकार रवीन्द्र वर्णवाल र नक्कली प्रहरी मनोज सहनी । तस्वीर: सौजन्य

प्रस, वीरगंज, ३ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, बाराले नक्कली पत्रकार र नक्कली प्रहरीलाई पक्राउ गरेको छ ।

दर्ता नै नभएको अनलाइन न्यूज पोर्टल नामक फेसबूक पेज प्रयोग गरी विभिन्न पत्रकार तथा प्रहरीको चरित्र हत्या गरेको तथा दशैं खर्च माग गरेको उजूरीको आधारमा वीरगंज महानगरपालिका-१० अशोकवाटिका बस्ने वर्ष २६ का रविकुमार वर्णवाललाई पक्राउ गरेको बारा प्रहरीका प्रवक्ता सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दधिराम न्यौपाने जानकारी गराएका छन्।

यसैगरी, प्रहरीको नाममा रकम उठाएको आरोपमा कलैया-१० मटिअर्वा बस्ने वर्ष ३७ को मनोजकुमार सहनीलाई पक्राउ गरेको प्रवक्ता न्यौपानेले बताए ।

नाकामा प्रहरीको नाम लिएर तस्करहरूसँग रकम असुल गरेको आरोपमा उनलाई पक्राउ गरिएको प्रवक्ता न्यौपानेले बताए ।


## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु मासुजन्य पदार्थ खरीद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## लोकगीतसहित किड्स स्पोर्ट्स सम्पन्न

प्रस, वीरगंज, ३ कात्तिक/

माउन्ट एडमन्ड माध्यमिक विद्यालयद्वारा बडादशैंको उपलक्ष्यमा शुक्रवार किड्स स्पोर्ट्स, लोकगीत र शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

प्रधानाध्यापक अनन्तकुमारलाल दासको संयोजकत्वमा सम्पन्न कार्यक्रममा सभापति फजिल मियाँ तेलीले शिक्षाको साथै खेलकूद पनि आवश्यक रहेको बताए। 'खेलौं साथी, खेलमैं रमाऔं साथी, खाँदै, खेल्दै खेलौना जितौं साथी' नाराका साथ आयोजित किड्स प्रतियोगितामा कक्षा नर्सरी र केजीका विद्यार्थीहरू खेलमैं रमाउँदै, खाँदै खेलौना जितेकामा हर्षित भएका थिए। स्पोर्ट्सको निर्णायकमण्डलमा अनीता चौरसिया, मनीला गुप्ता र खुश्बु परवीन थिए भने रेफ्रीमा बलराम नेपाली थिए।

कार्यक्रममा सामाजिक शिक्षा अन्तर्गत "नेपालको लोकगीत" भन्ने पाठको परियोजना कार्य अन्तर्गत नेपालका तीनवटै भौगोलिक क्षेत्रलाई प्रतिनिधित्व गर्नेगरी कक्षा १० का विद्यार्थीहरूले लोकगीत प्रस्तुत गरेका थिए । लोकगीतबारे कक्षा १० की प्रिन्सी सर्राफले लोकगीत जाति, भाषा, धर्म-संस्कृति र ठाउँ अनुसार फरक-फरक हुने र आज नेपाली समाजमा विदेशी गीत सङ्गीतको प्रभाव बढ्दै गएकाले लोकगीत लुप्त हुने अवस्थामा रहेको बताइन् ।

आमाहरूको सहयोगबेगर विद्यालय एक्लैले चाहेर पनि विद्यार्थीहरूमा अपेक्षित सुधार ल्याउन सक्दैन भन्ने उद्देश्यसहित कार्यक्रममा आमा समूहलाई विशेषरूपले सहभागी गराइएको थियो। कार्यक्रमको सहजीकरण कक्षा १० की मोनिका गोलेले गरेकी थिइन् भने कार्यक्रमको अन्त्यमा दशैंको शुभकामना आदानप्रदान गरिएको थियो ।

## स्वास्थ्य परामर्श तथा शुभकामना कार्यक्रम


तस्वीर: प्रतीक

प्रस, वीरगंज, ३ कात्तिक/

ज्येष्ठ नागरिक सङ्घ, पर्साले विजयादशमीको शुभकामना तथा ज्येष्ठ नागरिक स्वास्थ्य परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

शुक्रवार ज्येष्ठ नागरिक पार्क लक्ष्मणवामा आयोजित कार्यक्रममा डा दीपेश झाले ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्यसम्बन्धी परामर्श दिएका थिए।

यसैगरी, कार्यक्रममा विजयादशमीको शुभकामना आदानप्रदान गरिएको थियो।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घ, केन्द्रीय कार्यसमितिका सदस्य एवं प्रदेश कार्यसमिति संयोजक जगदीशप्रसाद शर्मालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण सङ्घका सचिव विनयराज गौतमले गरेका थिए ।



Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## कोलकाताकी सेक्सोफोन वादक अनुष्काको चर्चा

प्रस, परवानीपुर, ३ कात्तिक/

स्टेज शोमा एकदमै कम देखिने वाद्ययन्त्र हो, सेक्सोफोन। यसको वादक पनि नेपाल र भारतमा कमै छन्। ज्याज म्युजिकको वाद्ययन्त्रको रूपमा चिनिने सेक्सोफोनले मीठो धुन निकाल्ने भएकोले वयस्क उमेरकाहरूलाई यसको सङ्गीत खूबै मन पर्छ ।

सेक्सोफोनसहितको ब्यान्डको चर्चा अहिले वीरगंजमा भइरहेको छ। ग्रीनसिटी वीरगंजको संयोजन एवं वीरगंज महानगरको आयोजनमा हालै सम्पन्न रात्रिबजारमा भारत, कोलकाताको क्लासिक सिम्फोनी नामक ब्यान्डले वीरगंजेली दर्शकलाई झुमाएको थियो । उक्त ब्यान्डकी सेक्सोफोन वादक हुन्, अनुष्का राय। उनको सङ्गीतिक प्रस्तुतिलाई दर्शकहरूले रुचाएका थिए । जब उनी स्टेजमा प्रस्तुति दिन्छिन्, तब दर्शकहरू मन्त्रमुग्ध भएर सेक्सोफोनको धुन सुन्ने गर्छन् । वादिका रायका बारेमा जानौं ।

बुबा कञ्चन राय र माता झरना रायका एकल सन्तान हुन्, अनुष्का। २५ वर्षीय अनुष्काले रवीन्द्र भारती विश्वविद्यालयबाट भोकल म्युजिकमा स्नातकोत्तर गरेकी छन् । बाल्यकालको विद्यालय जीवनमा पढाइसँगै सङ्गीतमा अब्बल रहेकी अनुष्काको प्रथम गुरु निजकी आमा झरना हुन् । आमा पहिलेदेखि सङ्गीत शिक्षिका भएकाले पनि उनको लगाव बाल्यकालदेखि नै सङ्गीततर्फ गयो । तीन वर्षको उमेरदेखि सङ्गीत र गायन कला सिकेकी अनुष्काले १६ वर्षको उमेरदेखि कलेजमा गायन शुभारम्भ गरिसकेकी थिइन् । करीब पाँच वर्ष गायनबाट स्टेज शो शुरू गरेकी अनुष्कापछि सेक्सोफोनतर्फ आकर्षित भएकी थिइन् । सेक्सोफोन बजाउन शुरूमा श्वासप्रश्वासको समस्या हुने भए तापनि आफूले हिम्मत नहारी निकै दुःखकष्ट सहेर सिकेको उनले बताइन्। अहिले उनको ब्यान्डमा ड्रमर दीप गोस्वामी, गिटारिस्ट प्लास दत्ता र किबोर्डिस्ट पार्थव चक्रवर्तीलगायतले सघाइरहेको र आगामी दिनमा स्टेज शोमा सेक्सोफोन बजाउन निरन्तता दिने उनले बताइन् । उनले महमद रफी, आरडी बर्मनलगायतका प्रसिद्ध गायकका गानाबाट गायन अभ्यास शुरू गरेको बताइन् । उनले ४५ मिनेटमा करीब सेक्सोफोनमार्फत नौवटा गाना बजाएर दर्शकलाई झुमाउन सक्ने बताइन्। उनले कार्यक्रमको समय र दूरीको आधारमा आफूले शुल्क लिने गरेको बताइन् । उनकी आमा झरनाले आफ्ना बच्चालाई उनीहरूको इच्छा अनुसार जीवन बाँच्ने र आफ्नो प्रतिभालाई प्रस्फुटन हुने मौका दिइनुपर्ने सुझाव दिइन् ।


सेक्सोफोन वादक अनुष्का राय । तस्वीर: प्रतीक